नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily


कांग्रेसको कोर्ष करेक्सन : निधि
पृष्ठ ८ मा

वर्ष १ | अंक ११२ | २०७९ साल फाल्गुन १७ गते बुधबार | Wednesday 1, Mar. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# वीरगंजमा डोजर चल्यो

## महानगरको आग्रह पटकपटक अटेरी गर्दा संरचना भत्काइयो

*२०२२ सालको नापीमा पोखरी ४ विघा १३ कट्ठा क्षेत्रफलमा फैलिएको देखिन्छ। चारै तिरबाट अतिक्रमण गरियो– निजी भवन, अस्पताल बनाइयो। अहिले पोखरीको नामोनिसान छैन, अतिक्रमण गरेर बाँकी रहेको १८ कट्ठा जग्गामा 'चिल्ड्रेन पार्क' बनाइएको छ, जुन पोखरीको जमिनको पाँच भागको एक भाग मात्र हो*



मधेशदृष्टि , वीरगञ्ज १६ फागुन।
वीरगञ्ज महानगरपालिकाले हरि खेतान बहुमुखी क्याम्पस अगाडि रहेको माइराम पोखरी अतिक्रमण गरी बनाईएका अवैध भौतिक संरचनामाथि डोजर चलाएर हटाएको छ। महानगरको सूचनालाई अटेर गरी नहटाइएका भौतिक संरचनामाथि मंगलबार डोजर चलाएर हटाईएको बीरगंज महानगरपालिकाका नगर प्रहरी प्रमुख हरि भुषालले जानकारी दिए। महानगरले माइराम पोखरी क्षेत्रमा रहेका अवैध संरचना हटाउन सम्बन्धित पक्षलाई पटक पटक आग्रह गरेको भए पनि महानगरको निर्देशनलाई अटेर गरेपछि बाध्य भएर डोजर चलाउनु परेको नगर प्रहरी प्रमुख भुषालले बताए। चिल्ड्रेन पार्कको पूर्व तर्फ बनाइएका अवैध घरहरुमा डोजर चलाइएको छ।
पोखरीको जमिन अतिक्रमण गरेर संरचना बनेका थिए, निस्सा पेश गर्न आग्रह गर्दा एकदमै कमले मात्रै निस्सा बुझाएको र मंगलबारदेखि निस्सा नबुझाएकाहरुको संरचना माथि डोजर चलाईएको बीरगंज महानगरपालिकाका सरसफाई महाशाखा प्रमुख राज ताम्राकारले बताए।
पहिलो चरणमा आज ४ वटा भौतिक संरचना भत्काईएको छ। पोखरीको जमिन अतिक्रमण गरेर विभिन्न संरचना बनेको वीरगञ्ज महानगरपालिकाले जनाएको छ। यसअघि पोखरीको जग्गा अतिक्रमण गरी बनाइएका संरचनाको निस्सा पेश गर्न महानगरले सम्बन्धित व्यक्तिहरुलाई आग्रह गरेको थियो।
प्रमाण देखाउन नसकेकाहरुको संरचना भत्काउने महानगरको तयारी छ। १५ कात्तिकमा दुई दिन भित्र निस्सा पेश गर्न आग्रह गर्दै महानगरले पत्र काटेको थियो। साथै नगर प्रहरीसहित नक्सा शाखाको टोली सम्बन्धित व्यक्तिहरुकै घरघरमा पुगेर २४ घण्टा भित्र निस्सा बुझाउन आग्रह समेत गरेको थियो। महानगरले निस्सा नभएका व्यक्तिहरुलाई आफैंले संरचना भत्काएर सामान सुरक्षित ठाउँमा राख्न भनेको थियो।
२०२२ सालको नापीमा पोखरी ४ विघा १३ कट्ठा क्षेत्रफलमा फैलिएको देखिएको छ। अतिक्रमण गरी निजी भवन, अस्पताल बनाउन थालेपछि पोखरीको जमिन १८ कट्ठामा मात्रै सीमित बनेको छ, पोखरीको नामोनिसान छैन, त्यहीं जग्गामा 'चिल्ड्रेन पार्क' बनाइएको छ। यसैविच वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले मंगलबारनै सामाजिक संजाल मार्फत मठ, मन्दिर र सार्वजनिक जग्गा अतिक्रमण गर्ने व्यक्तिहरुले आफै वीरगंज महानगरलाई सो अतिक्रमित सम्पतिको हस्तान्तरण गर्न आह्वान समेत गर्नु गरेका छन्।अतिक्रमित क्षेत्र खाली गर्ने अभियानसँगै नगर प्रमुख सिंहले भने 'निर्वाचनको बेला नगरवासीसँग गरेको प्रतिबद्धता पुरा गर्दै छर, जे बोल्छु, त्यो गरेर देखाउँछु।'

# उपनिर्वाचनको तयारीमा जुटे उपेन्द्र

*बारा २ बाट निर्वाचित रामसहायलाई उपराष्ट्रपति बनाउने र खाली भएको क्षेत्रबाट आफू निर्वाचित हुने गृहकार्य थालेका छन जसपा अध्यक्ष उपेन्द्र यादवले*



मधेशदृष्टि
जनकपुरधाम, १६ फागुन। कांग्रेस र माओवादी केन्द्र दल सहितका ८ दलीय गठबन्धन भए लगतै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव संसद छिर्ने तयारीमा जुटेका छन्।
गत मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका अध्यक्ष यादवले पार्टीबाट रामसहाय यादवलाई राजीनामा दिलाई उपराष्ट्रपतिमा निर्वाचन उम्मेदवार बनाएर, खाली हुने सो निर्वाचन क्षेत्रबाट आफू संसद छिर्ने तयारी गर्दैछन्।
रामसहाय यादव बारा-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन्। उनले राजनीमा दिएपछि सो क्षेत्रमा हुने उपनिर्वाचनबाट संसद छिर्ने योजनामा पराजित भएदेखि नै अध्यक्ष यादव लागेका थिए।
आठ दलीय गठबन्धनमा उपराष्ट्रपति जसपाले पाउने निश्चित भएपछि उपेन्द्र यादव जनकपुरधाम आएर यहाँका नेताहरूसँग यस विषयमा छलफल समेत गरेको बुझिएको छ। उनले नेताहरूलाई आन्तरिक रूपमा सो क्षेत्रको वस्तुस्थिति बुझ्न निर्देशन समेत दिइसकेको पार्टीका नेताहरुले जनाएको छ। ती श्रोतका अनुसार ती नेताहरू बारा गएर आन्तरिक रूपमा त्यहाँको वस्तुस्थितिको अध्ययन थालेका छन्।
जनकपुरबाट बारा-२ मा पुगेका जसपाका केन्द्रीय सदस्य योगेन्द्र राय यादवले अध्यक्ष उपेन्द्र यादवलाई स्वागत गर्न बाराका जनता आतुर रहेको बताएका छन्। विगतमा अध्यक्ष उपेन्द्र यादवको स्वकीय सचिवको रूपमा काम गरिसकेका नेता योगेन्द्र राय यादव बारा-२ को वस्तुस्थिति बुझ्न सोमबार नै त्यहाँ पुगेका हुन्। विभिन्न व्यक्तिलाई भेट्दै उनले त्यहाँबाट जित्नसक्ने कतिको सम्भावना छ भन्ने क्षेत्रको अवस्थाबारे अध्ययन गरिरहेका छन्।
उनी भन्छन्, 'उपेन्द्र यादव बाराबाट चुनावमा यति धेरै मत ल्याउनु हुन्छ कि रेकर्ड नै ब्रेक हुन्छ।' सो क्षेत्रका पार्टीका कार्यकर्ता तथा नेताहरू पनि उत्साहित रहेको उनको भनाई छ। उपेन्द्र यादवले उपनिर्वाचन लड्ने मनस्थिति बनाएपछि नेता तथा कार्यकर्ताहरू आन्तरिक तयारीमा जुटेका हुन्।
'पार्टीका अध्यक्ष नै आफ्नो क्षेत्रमा आएर चुनाव लड्ने भएपछि उत्साहित हुनु स्वाभाविक हो,' जसपाका स्थानीय युवा नेता भरत खड्काले भने, 'क्षेत्रका मतदाताहरू उत्साहित छन्, नेता

- बाँकी पृष्ठ ६ मा

# किन मर्छन् हरेक दुई मिनेटमा एक महिला ?

*"मातृमृत्यु रोक्नका लागि हामीसँग उपकरण, ज्ञान र स्रोतहरू सबै छ, हामीलाई केवल राजनीतिक इच्छाशक्ति चाहिन्छ"*



काठमाडौं, १६ फागुन।
प्रत्येक दुई मिनेटमा एक महिलाको गर्भावस्था वा सुत्केरी हुँदा मृत्यु हुने गरेको संयुक्त राष्ट्रसंघीय निकायले सार्वजनिक गरेको एक प्रतिवेदनमा जनाएको छ। यो प्रतिवेदनले मातृ मृत्युदरको प्रवृति, हालैका वर्षहरूमा महिलाको स्वास्थ्यको लागि डरलाग्दो अवस्था देखाएको छ, किनकि विश्वका लगभग सबै क्षेत्रहरूमा मातृ मृत्यु या त बढेको छ वा स्थिर छ।
सन् २०२० मा प्रति एक लाख जीवित जन्ममा २ सय २३ जना सुत्केरी महिलाहरुको मृत्यु भएको थियो, विश्व स्वास्थ्य सङ्गठनको एक रिपोर्टले जनाएको छ। यो मृतुदर संख्या सन् २०१५ र सन् २००० को भन्दा केहि घटेको छ। सन् २०१५ मा २सय २७ र सन् २००० मा ३ सय ३९ सुत्केरी महिलाहरुको मृत्यु भएको थियो।
विश्व स्वास्थ्य सङ्गठनले गर्भावस्था वा सुत्केरीका क्रममा हुने मृत्युमध्ये अधिकांशलाई रोकथाम गर्न सकिने बताएको छ तर त्यसलाई न्यूनीकरणमा प्रगति नभए सन् २०३० सम्ममा थप १० लाखभन्दा बढी महिलाको ज्यान जोखिममा पर्ने सम्भावना भएको बताएको छ। संगठनका महानिर्देशक टेड्रोस अधानोम गेब्रेयससले भनेका छन् , "अझै पनि उच्च गुणस्तर, सम्मानजनक स्वास्थ्य सेवामा पहुँच नभएका विश्वका लाखौं महिलाहरूको लागि यो स्तब्ध परिणाम हो, महिलाहरुको गर्भावस्था 'खतरनाक अनुभव हो।"
संयुक्त राष्ट्र एजेन्सी प्रमुखले

- बाँकी पृष्ठ ६ मा



# संघर्ष र निरन्तरताबाट सफल बनेका व्यवसायी सुवेदी

व्यवसायको दुनियाँमा आफूलाई लामो समयदेखि उच्च स्थानमा पुऱ्याउन र टिकिराख्न सफल मिडिया विज्ञापन एजेन्सी हो, एडी रिलिज । र यो संस्थालाई सदैव सिर्जनशील व्यवस्थापनका नयाँ नयाँ सुत्रहरु प्रतिपादन गर्ने व्यक्ति हुन, हरिशरण सुवेदी ।

मकवानपुरको मनहरि गाउँपालिका वडा नं ७ मा २०३६ साल फागुन ८ गते आमा सिता र बुवा भक्तबहादुर सुवेदीका ५ दाजुभाइ र २ दिदीबहिनीमध्येका साहिंला सन्तानका रुपमा जन्मिएका सुवेदी सामान्य पारिवारिक पृष्ठभूमिबाट उठेर अहिले नेपालको अग्रणी व्यवसायी बनी आफूलाई स्थापित गरेका छन् ।

अधिकांश मिडियाहरुलाई ठूलो परिमाणमा विज्ञापन उपलव्ध गराउने कम्पनीको रुपमा एडी रिलिज स्थापित छ । धेरैजसो टेलिभिजनका वार्षिकोत्सवहरुमा बेस्ट एजेन्सीको उपाधि प्राप्त गरिरहनु एडी रिलिजको विशेषताजस्तै बनेको छ । यसवर्ष पनि सुवेदीले प्रधानमन्त्री पुष्पकमल दाहालको प्रमुख आतिथ्यता भएको नेपाल टेलिभिजनको वार्षिकोत्सवमा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको हातबाट सम्मानसहित उत्कृष्ट विज्ञापनदाताको अवार्ड प्राप्त गरे ।

मिडिया प्लानिङ, क्लाइन्ट सर्भिसिङदेखि मिडिया बाईङ्ग (खरिद) तथा प्रेस रिलिज जारी गर्ने काममा उनको २ दशकको अनुभव खारिएको छ । कार्यक्रम छनोट, प्रोडक्ट एनालाइसिस, कम्पिटिटर एनालाइसिस, संस्था तथा ब्राण्डहरुको प्रोमोसनल क्याम्पेनहरुमा समेत प्रत्यक्ष संलग्न हुँदै विज्ञापन र बजारीकरणको क्षेत्रमा आफूलाई स्थापित गर्न उनी सफल छन् । हरेक काममा आफै अगाडि सर्ने, सानो सानो कुरामा पनि निखार खोज्ने, नयाँ नयाँ कुरा सिकेर त्यसको प्रयोग गर्ने हरदमको हुटहुटीले गर्दा आज उनी यो उचाइमा आइ पुगेका हुन् ।

नेपालको सर्वाधिक चर्चित तितो सत्य, मेरी बास्सै, जिरे खुर्सानी, झ्याँइकुटीझ्याँइ, भद्रगोलजस्ता लोकप्रिय कमेडी सिरियलहरु उत्पादन गरी विक्री वितरण गर्ने सोचको परिकल्पनामा उनको विशेष योगदान रहेको थियो ।

उनी यतिमा मात्र सीमित रहेनन्, मिडिया विज्ञापन बजारीकरणमा परिणाममुखी भूमिका निर्वाह गर्नुका साथै फिफा वर्ल्डकप, कृति अवार्ड, टेलिभिजन अवार्डलगायतका इभेन्टहरुसमेत सफलतापूर्वक सम्पन्न गराउनमा समेत उनले महत्वपूर्ण भूमिका खेले ।

कर्मलाई जीवनको मुलमन्त्र मान्ने लगनशिल स्वभावका उनी आफ्नै केहि गर्नुपर्छ भन्ने विश्वास राख्दै आफूसँगका निकट सृजनशिल समूहले २०७० सालमा एडी रिलिज प्रा.लि. दर्ता गरि औपचारिक रुपमा आफ्नै यात्रा प्रारम्भ गरे । प्रतिस्पर्धात्मक बजार र जोखिमका बाबजुद आत्मविश्वास, साहस र दृढताले छोटो समयमा नै एडी रिलिजको सफलता मिडिया उद्योगमा एउटा इतिहास रच्न सफल भएको छ भने ठूलो समूह बन्ने क्रममा अन्य व्यावसायिक भेन्चर पनि समूहमा आवद्ध भएका छन् ।

विज्ञापन प्रसारण तथा प्याकेजिङ्ग गर्ने नयाँ नयाँ तरिकाहरु प्रतिपादन गर्दै विज्ञापनदातालाई यसको प्रभावकारीताबारे विश्वस्त पार्दै विज्ञापनको दायरा बढाउनमा उनले अहम भूमिका खेलिरहेका छन् । नयाँ पिंढीहरुलाई यो उद्योगमा आउन उत्प्रेरित गर्दै विभिन्न कलेज तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसिप दिंदै बजारमा नयाँ नयाँ रोजगारी आकर्षण गर्न खोजिरहेका छन् । यद्यपि सीप र क्षमता भएका युवाहरु यस पेशालाई चटक्क छोड्दै अन्यत्र लागेकामा उनी चिन्तित छन् । उनी भन्छन्,' व्यावसायिक सोच भएका सिर्जनशील व्यक्तिहरु यहि क्षेत्रमा लागिराख्दा यो क्षेत्रको व्यावसायिक उचाइ अझै वढ्ने थियो ।'

एडी रिलिजप्रति आश्वस्त र ढुक्क देखिएका विज्ञापनदाता भन्छन्,' उनीहरु कुनै पनि ब्रान्डलाई आफ्नै ब्रान्ड सम्झन्छन् र त्यो ब्रान्डले नयाँ उचाइ नलिंदासम्म हरेक पल नविनतम सोचसहित मिडियाका फरक फरक टुल्स अपनाइरहन्छन् । शुरुवाती दिनमै नेपालका अब्बल कर्पोरेट हाउसले विश्वास गरेका कारण यसको दायरा अझै बढ्दै गयो । विज्ञापनदाताप्रति सदैव जवाफदेही रहने उनको बानी छ । बस्तु तथा सेवाको बजार र विज्ञापनको दायरा बढाउन गरेको योगदानलाई कदर गर्दै उनलाई विभिन्न मिडिया, संघसंस्था, कर्पोरेट हाउसहरुले निरन्तर सम्मान गर्दै आएका छन् । यी सम्मान आफैमा अतुलनीय छन् तर विज्ञापनदाताप्रति इमान्दार र उत्तरदायी बन्न सके धेरैले यो उचाइ चुम्न सक्ने उनको भनाइ छ । उनले प्राप्त गरेका विभिन्न सम्मानमध्ये रिपोर्टर्स क्लवको अगुवाईमा तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको बाहुलीबाट २०७८ सालमा प्राप्त गरेको विशेष सम्मानबाट उनी थप हौसिएका हुन् ।

मकवानपुर उद्योग वाणिज्य संघलगायत विभिन्न सामाजिक संघसंस्थाबाट थुप्रै सम्मान तथा अवार्डहरु प्राप्त गरेका छन्, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, इमेज च्यानललगायतबाट विगत ५ वर्षदेखि निरन्तर उत्कृष्ट विज्ञापनदाताको अवार्ड पनि प्राप्त गरे । यसैंगरी उनले भारतको अन्तर्राष्ट्रिय टेलिभिजन अवार्डसमेत प्राप्त गर्न सफल भएका छन् ।

जीवनमा सफल हुन पढेर मात्रै भन्दा पनि परेर जानेका व्यक्तिमा पर्दछन्, सुवेदी । जीवनका उकाली ओरालीमा आइपर्ने अनगिन्ति अप्ठ्याराहरुले गर्दा उनको औपचारिक शिक्षा स्नातक तहमा रोकिन पुग्यो । २०४१ सालमा मनहरी गाउँपालिकामा रहेको राष्ट्रिय प्राथमिक विद्यालयमा कक्षा ५ सम्मको अध्ययनपछि महेन्द्र किरण माध्यमिक विद्यालयबाट २०५४ मा एसएलसी उत्तीर्ण गरी उच्च शिक्षाका लागि काठमाडौंस्थित रत्न राज्यलक्ष्मी क्याम्पसमा भर्ना भइ स्नातक तहसम्मको अध्ययन गरे ।

लगनशील स्वभावका सुवेदी काठमाडौं सेक्युरिटीमा काम गरेको एक वर्षपछि २०५७ सालमा एडभरटाइजिङ्ग एभिन्युज नेपालमा आवद्ध भए । एडभरटाइजिङ्ग एभिन्युजमा सेक्युरिटीबाट विज्ञापन क्षेत्रमा प्रवेश गरेका उनी विगत एक दशक देखि नेपालको अग्रणी विज्ञापन एजेन्सीमा प्रवन्ध निर्देशकका रुपमा सक्रिय छन् । कामको दौरानमा आइपर्ने उतारचढावका बीच जोखिम मोल्न सक्ने खुबीका कारण पनि उनी यहाँसम्म आइपुगेका हुन् ।



एडभरटाइजिङ्ग एभिन्यूजमा सामान्य कर्मचारीको हैसियतबाट रिसेप्सनिष्ट, पर्सनल एसिस्टेन्ट, मिडिया एक्ज्युकिटिभ हुँदै मिडिया मेनेजरसम्म बन्न सफल भएका थिए । उनी थप्छन्, 'कुनै पनि पद र काम सानो ठूलो हुँदैन सोचले नै हाम्रो काम र पेशालाई मर्यादित बनाउने हो । हाम्रो दिमाग नै हेर्नुस न विज्ञान भन्छ नि कन्सस माइन्ड र सबकन्सस माइन्ड बस सन्तुलन आवश्यक छ । अनि राम्रो सोच्न सकिन्छ । राम्रो गर्न सकिन्छ । देश र समाजलाई पनि राम्रो बाटोमा डोऱ्याउन सकिन्छ । यसर्थ सकारात्मक सोच अपरिहार्य छ ।', उनी भन्छन् ।

त्यो बेला एडभरटाइजिङ्ग एभिन्यूज नेपालको लिडिङ्ग एडभरटाइजिङ्ग एजेन्सीको रुपमा स्थापित थियो । यहि अवसर नै सुवेदीका लागि करियरको बलियो जग बन्यो ।

त्यो बेला सीमित विज्ञापन बजारलाई कसरी दायरा बढाउने भन्ने उनको मनमा कौतुहलता थियो । यहि क्रममा सुवेदीले खेलकुदका विभिन्न प्रतिस्पर्धाहरुलाई ब्राण्डिङ्ग र मार्केटिङ्ग गरी नेपालमा खेल क्षेत्रलाई व्यावसायिक बनाउने प्रयास गरे । एउटा संयोग भनौं नयाँ कम्पनी स्थापनासँगै ठूलो प्रोजेक्ट फिफा वर्ल्डकप २०१४ लाई सफल बनाउन जोखिम मोल्नु सानोतिनो आँट थिएन । जुन आँटले शुरुमै यो प्रोजेक्ट सफल भयो । यसका अलावा साफ च्याम्पियनसीप फुटबल, आइसीसी क्रिकेटलगायत राष्ट्रियस्तरको खेलकुदको बजारीकरण गर्ने कार्यलाई अहिले पनि निरन्तरता दिइरहेका छन् ।

सुवेदीको सोचले एकपछि अर्को सफलता प्राप्त गर्दै गयो । नेपालमा चर्चित रियालिटी कार्यक्रमहरुको फ्रेन्चाइज चलाउन, बिकाउन र टिकाउन सकिन्छ भन्ने मान्यता स्थापित गर्न पनि उनी सफल भए ।

नेपालमा उत्कृष्ट टेलिभिजन कार्यक्रमको उत्पादन आफैमा चुनौतीपूर्ण छ । त्यसमा पनि अन्तर्राष्ट्रिय बजारका चर्चित कार्यक्रमहरु अन्तर्राष्ट्रिय स्तरकै गुणस्तरमा उत्पादन गर्नु झनै जोखिमपूर्ण हुन्छ । यहि चुनौतिलाई नै अवसर देख्छन्, सुवेदी । बजारलाई आकर्षित गर्न र यस्ता कार्यक्रममा संलग्न क्रियटिभ र टेक्निकल टिमको विश्वास जगाइराख्न उनले खेलेको भूमिका असाधारण भएको पुष्टि हुन्छ ।

विश्व प्रसिद्ध आइडल फ्रेन्चाइजअन्तर्गत नेपाल आइडलको पहिलो र तेस्रो संस्करण, द भ्वाइस अफ नेपालको पहिलो संस्करणका साथै मौलिक नेपाली रियालिटि शो कमेडी च्याम्पियन (दोस्रो संस्करण) को कुशल बजारीकरणको नेतृत्व गरेका सुवेदीले पछिल्लो समय भारतीय रियालिटि फ्रेन्चाइज सारेगमप लिटल च्याम्प्स् नेपालको विज्ञापन सर्वाधिकारको जोखिम लिंदै त्यसलाई सफल बनाउन प्रमुख भूमिका खेलेका थिए । तत्पश्चात अर्को सुप्रसिद्ध भारतीय रियालिटी शो सुपर डान्सरको नेपालमा फ्रेन्चाइज चलाउने सर्वाधिकार लिई कार्यक्रमको सफल उत्पादन, विक्रिवितरण तथा बजार व्यवस्थापनको आँट गर्नु आफैमा जबरजस्त निर्णय र प्रदर्शन थियो । कार्यक्रमलाई सफलताको सिंढी चढाइ कार्यक्रमलाई सुपरहिट बनाउन प्रख्यात बलिउड स्टार गोविन्दालाई अतिथिको रुपमा ल्याउने आँटसमेत यिनै सुवेदीले गरेका हुन् । यसले गर्दा विज्ञापनदाता र दर्शक थप उत्साहित भइ उनलाई धन्यवाद दिएका थिए । मौलिक कार्यक्रममार्फत नेपाली कलाकारलाई माया गर्दै दर्शकसामु उत्कृष्ट कार्यक्रम पस्कन चर्चित कमेडी श्रृंखला 'सक्किगोनी' को डिजिटल सर्वाधिकार लिई इ.एच. डिजिटल युट्युव च्यानलमार्फत प्रशारण गर्ने श्रेय पनि सुवेदीलाई जान्छ ।

हाल एडी रिलिजसँगै एडभर्टिजमेन्ट रिलिज, टेलिजेन्ज प्रालि र एभरेस्ट हेडलाइन्स गरी चार ओटा कम्पनी एकसाथ संचालन गरेका उनी सोसल मिडियाको युग भन्दा अनलाइन र त्यसभन्दा पनि रेडियो, टेलिभिजन विज्ञापन प्रसारणका अनेक उपाय प्रयोग गरिरहेका छन् । रेडियो वा टेलिभिजनमा बज्ने विभिन्न फरक सामग्रीहरुलाई कसरी प्याकेजिङ्ग गर्ने अनि त्यसलाई कसरी व्यावसायीकरण गर्ने भन्ने विषयमा उनले गरेको प्रयोग आजका दिनमा पनि सान्दर्भिक र व्यावहारिक रहेको सिद्ध भएको छ । विज्ञापनदातालाई नयाँ नयाँ प्लेटफर्म उपलब्ध गराउन निपुण छन्, सुवेदी । बजारले के खोजेको छ ? दर्शक के चाहन्छन् ? र अहिलेको मार्केटिङ्ग ट्रेण्ड कस्तो चल्दैछ भन्नेमा उनी हरदम सजग छन् । उनले आफ्नो सीप निखार्नका लागि भारत, अमेरिका, बेलायत, जापान, सिंगापूर, दुबई, अस्ट्रेलिया र युरोपका विभिन्न देशमा अध्ययन भ्रमण गरेका छन् ।

नेपाल विज्ञापन संघका कार्यकारी सदस्य, नेपाल उद्योग वाणिज्य महासंघको सूचना तथा सञ्चार प्रविधि विकास समितिका सदस्यको रुपमासमेत आवद्ध रहि आफ्नो अनुभवलाई फराकिलो बनाउन उनी अझै पनि प्रयत्नशील छन् । एक विश्वासयोग्य बिजनेस हाउसका रुपमा एडी रिलिजलाई स्थापित गर्न सुवेदीले खेलेको भूमिका जो कोहि र विज्ञापन व्यवसायलाई आफ्नो पेशा बनाउनेहरुका लागि पनि प्रेरणाको स्रोत बन्न सक्छ । व्यावसायिक क्षेत्रमा सक्रिय रहेका उनी मनहरी युवा क्लबका सल्लाहकार र लायन्स क्लव अफ काठमान्डु शताब्दीको सदस्यका रुपमा सामाजिक क्षेत्रमा पनि सक्रिय छन् । जीवनमा सफलता मिलिरहँदा नमात्तिने र असफल हुँदा नआत्तिने स्वभाव उनमा छ । दुःखमा हतोत्साही नहुन र सुखमा संयम अपनाउन धर्मपत्नी लक्ष्मी भट्ट सुवेदीले सदैव सल्लाह दिइरहिन् । परिवारको सत्कर्मरुपी संस्कार र सकारात्मक उत्प्रेरणाले २०५७ सालपछि हरिले पछाडि फर्कनु परेको छैन । सुवेदी दम्पतीका हाल दुई सन्तान छन् । सुवेदीको जीवनबाट जोकोहीले धेरै सिक्न सक्छन्, आफूलाई स्थापित गर्न सक्छन् र जीवनमा आइपर्ने उतारचढावसँग जुध्न सक्छन् । उनी भन्छन्,' यसका लागि लगनशीलता, धैर्यता र इमान्दारिता चाहिन्छ ।'

# जनकपुरधामका मेयर र पूर्वस्वकीय सचिव विरुद्ध अख्तियारमा उजुरी

मधेशदृष्टि

जनकपुरधाम, १६ फागुन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह र उनका पूर्वस्वकीय सचिव राजनकुमार सिंहविरुद्ध उजुरी दिइएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासमा भ्रष्टाचार गरेको भन्दै दुबैजनाविरुद्ध सोमबार उजुरी दायर गरिएको बुझिएको छ । नगर प्रमुख साहले धनुषाको हंसपुर नगरपालिका वडा नम्बर-९ स्थायी घर भएका सिंहलाई तत्कालिन अवस्थामा सोही कार्यालयमा गैरकानूनी करार बमोजिम छैठौं अधिकृत तहमा नियुक्ति दिएको भन्दै उजुरी दायर गरिएको हो ।

नगर प्रमुख साहले आफ्नो अधिकारको दुरुपयोग गरी सिंहलाई स्वकीय सचिव, छैठौं तहमा नियुक्त गरेको कार्य आफैंमा गैरकानूनी एवं बदनियतपूर्ण रहेको भन्दै सिंहले जेठ १२ गतेदेखि स्वकीय सचिवको हैसियतमा तथा थप जिम्मेवारीको हैसियतमा पाएको तलव भत्ता एवम् अन्य सुविधा समेत राज्य कोषमा फिर्ता हुने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ बमोजिम कारवाही तथा सजायको माग सहित दुबै जनाविरुद्ध मुद्दामा गरिएको जनाएको छ ।

सुरक्षाको कारणले आफ्नो नाम गोप्य राखेका व्यक्तिले दायर गरेको उजुरीमा लेखिएको छ, 'जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय आफैंले निर्माण गरेको कानूनको अनुसूची ९ (क) मा उपमहानगरको कार्यकारिणी पद र महाशाखा, शाखा केन्द्र समेतलाई कायम गरिएको छ । उपमहानगर आफैंले कायम गरेको पद/दरवन्दीको क.सं. क (१) मा नगर प्रमुखको सचिवालयमा हुने पद/दरवन्दीको व्यवस्था गरेको छ । जसमा अधिकृत (निजी सचिव), ईन्जिनियर (स्वकीय सचिव), वरिष्ठ सहायक (निजी सचिव) सहायक कम्प्यूटर अपरेटर हुने भन्ने रहेको छ ।

नगर प्रमुखको हकमा उक्त अनुसुचीमा अन्य पद/दरवन्दीको व्यवस्था रहेको छैन । यसरी सम्बन्धित पदाधिकारीले तोकिए वमोजिमको पद दरवन्दीमा बाहेक कसैलाई राज्यको कोषवाट रकम भुक्तानी हुने गरी नियुक्ति गर्नु वा राख्नु आफैंमा गैरकानूनी हुनुका साथै पदीय दुरुपयोग समेत रहेकोले यस्तो गैरकानूनी नियुक्ति गर्ने पदाधिकारी र हुने व्यक्ति दुवैबाट भएको कार्यलाई मान्यता नहुने प्रष्ट रहेको भनिएको छ ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (क) मा "आफ्ना अधिकार भित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको" भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था

*- बाँकी पृष्ठ ६ मा*

# पर्वतामा समुहको हेल्प डेस्क संचालन

मधेशदृष्टि

जनकपुरधाम,१६ फागुन । हिन्दू धर्मावलम्बीहरुको आस्थाको केन्द्र १५ दिने मिथिला मध्यमा परिक्रमाका श्रद्धालुहरुका लागि नेपाल-भारत खुला सीमा सम्वाद समुहले मंगलवार चौंथो हेल्प डेस्क परबत्तामा सञ्चालन गरेको छ ।मिथिला मध्यमा परिक्रमाको मंगलबार नबौं दिन नेपालको परबत्तामा नेपाल-भारत खुला सीमा सम्वाद समूह मधेस प्रदेशको सह संयोजक दिपक यादवको संजोकत्वमा निःशुल्क सेवा शिविर सञ्चालन गरिएको छ ।समूहका धनुषा जिल्ला अध्यक्ष मनोज साहको अध्यक्षता तथा राम बाबु राय ,विक्रम साह,रागवेन्द्र कुमार मन्डल को सहभागिता प्राथमिक उपचार सहितका सहायताका कार्यहरु संस्थाका पदाधिकारीहरु द्वारा संचालनमा रहेको छाभोलि धनुषाधाम,पर्सि सतोषमा सहित सो सेवा जारी रहने समूहका केन्द्रीय अध्यक्ष राजीव झाले जानकारी दिएका छन् । यसअघि, मिथिला मध्यमा परिक्रमाको पहिलो दिन नेपालको हनुमानगढी जनकपुरधाममा, भारतको कलानेश्वर,गिरजा स्थानमा सफलताको साथ शिबिर संचालन गरिएको थियो।

# सडक दुर्घट्नामा तीन जनाको मृत्यू

विनय कर्ण

सप्तरी, १६ फागुन । सप्तरीको छुट्टाछुट्टै स्थानमा सवारी दुर्घट्ना हुँदा तीन जनाको मृत्यू भएको छ भने १२ जना घाईते भएका छन् ।

कंचनरुप नगरपालिका वडा नम्बर ९ स्थित बिष्णु मन्दिर नजिक सोमबार राति ३ बजेको समयमा पुर्ब पश्चिम राजमार्गमा पश्चिम बाट पुर्ब तर्फ आउदै गरेको बा १८ च ६६१७ नम्बरको स्कारपियो र विपरित दिशा तर्फ जादै गरेको घोडा बोकेको प्र २ -०२ -००१ च ०७४६ नम्बरको बोलेरो पिकअप एक आपसमा ठक्कर खाँदा दुई जनाको मृत्यू हुनुका साथै १२ जाना घाईते भएको हो ।मृत्यू हुनेमा स्कारपियोमा सवार जिल्ला सुनसरी दुहबी नगरपालिका वडा नम्बर ३ बस्ने ४५ बर्षीया राजकुमारी चौधरी र सोही ठाउँका ४० बर्षीय को हरेराम साह हलुवाई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

दुवै गाडीमा सवार १२ जना घाईतेलाई उपचारको लागि स्थानिय धर्मेश्वर अस्पताल ठेलिया सप्तरीमा लगिएको र त्यहाँबाट थप उपचारका लागि विराटनगर पठाईएको जिल्ला प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए । घाईतेहरुको नाम र ठेगाना भने खुल्न सकेको छैन् ।यसैगरी मंगलवार राति हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर ३ पोर्तहा स्थित पुर्व पश्चिम राजमार्गमा पश्चिम बाट पुर्व तर्फ आउदै गरेको जिजे १० बीजि ८१३३ नम्बरको कारले ठक्कर दिंदा एक पैदलयात्रीको मृत्यू भएको छ ।नाम ठेगाना खुल्न नसकेका ३५ बर्षीय पुरुष ठक्करबाट घाईते भई उपचारको लागी भारदह अस्पताल ल्याईएकोमा उपचारकै क्रममा उनको मृत्यू भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।प्रहरीका अनुसार ठक्कर दिने कार र कार चालक भारतको सुपौल जिल्ला भिमनगर बस्ने ४९ बर्षीय राहुल सिंहलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।



## श्री माध्यमिक विद्यालय शितलपुर

**फतुवा बिजयपुर न.पा.-२ रौतहट**

**पत्र संख्याः- ०७९/०८०**
**चलानी नं. ८२**

**मितिः- २०७९/११/११**

### विषय :- पोखरीको डाक सम्बन्धी सूचना ।

श्री सरोकारवाला सबै

उपरोक्त सम्बन्धमा यस मा.वि.शितलपुर २ मा रहेको ठुलो पोखरीको की.नं. १ को क्षेत्रफल १२-१८-१५ जग्गामा रहेको पोखरीको नयाँ टेन्डर गर्नुपर्ने भएकोले मिति २०७९/११/११ गते बसेको सर्बदलीय बैठकको निर्णय बमोजिम नयाँ टेन्डर आह्वान गरिएको व्यहोरा अनुरोध गरिन्छ । साथै पोखरीको टेन्डर फर्म भर्न निम्न बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछ ।

**तपसिल**

१. पोखरीको ठेक्का ५ (पाँच) बर्षको लागी मात्र हुनेछ ।
२. पोखरीको टेन्डरको समय (ठेक्का) भएको मिति देखि शुरु हुनेछ ।
३. पोखरीको ठेक्काको रकम १ बर्षमा बढीमा दुई किस्ता गरी ६/६ महिनामा बुझाउनुपर्नेछ ।
४. पोखरीको टेन्डर भर्न आउँदा टेन्डर फरम शुल्क रु. ३५००/- लाग्नेछ ।
५. टेन्डर भर्ने व्यक्तीले ३ प्रति पासपोट साईजको फोटो तथा नागरिकताको १ प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
६. टेन्डरको अंतिम मिति २०७९/११/२५ गते सम्म मात्र रहनेछ र टेन्डर खुल्ने मिति २०७९/११/२६ गते ।
७. टेन्डरको फर्म भर्दा रु. ८२,००,०००/- अक्षरेपी वयासि लाख भन्दा कमको फर्म मान्य हुनेछैन ।

प्रधानाध्यापक
**बुनीलाल प्रसाद यादव**

# आजपाले सरकारमा जान गृहकार्य थाले



मधेशदृष्टि
काठमाडौं, १६ फागुन । प्रभु साह नेतृत्वको आम जनता पार्टीले पनि सरकारमा जान गृहकार्य थालेको छ।
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा पार्टी अध्यक्ष साह समेत जान तयारी गरिरहेको बुझिएको छ। सत्ता साझेदार ८ दलमा प्रभु नेतृत्वको आम जनता पार्टी समेत थपिन सक्ने प्रचण्ड निकट एक पदाधिकारीले बताए । 'सरकारमा सहभागी हुने पार्टी ८ दल छन् त्यसमा प्रभु साह समेत आउने तयारी गरेका छन्' ति पदाधिकारीले भने, ' यदि सहमति भएमा ९ दल सत्ता साझेदार हुन सक्छ ।'तर, आमजनता पार्टीका अध्यक्ष साहले आफूहरू सरकारमा जाने विषयमा कुनै प्रयास नगरेको जिकिर गरेका छन् । 'हामी सरकारमा जाने तयारी गरेका छैनौं । सरकारमा जान कतै भेटघाटपनि भएको छैन' साहले भने । साह नेतृत्वको पार्टीमा प्रतिनिधि सभामा उनी मात्रै सांसद रहेका छन् ।

# नेकपा (एस) भित्र मन्त्री बन्न दौडधूप शुरु

मधेशदृष्टि
काठमाडौं, १६ फागुन । पुस १० मा बनेको सत्ता गठबन्धन भत्किएर नयाँ गठबन्धनको सरकार बन्ने चर्चा शुरु भए लगतै गठबन्धन आबद्ध दलहरुमा मन्त्री बन्न दौडधूप शुरु भएको छ।
यस्तो दौडमा कांग्रेस, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी लगायत दलका नेताहरु लागि रहेका छन् । मन्त्रीका आकांक्षीहरु शीर्ष नेताहरुलाई भेटेर आफ्नो पक्षमा माहोल बनाउने प्रयासमा जुटेका छन् ।
नेकपा एमालेले सोमबार सरकार छाडेसँगै १६ वटा मन्त्रालय मन्त्रिविहीन बनेका छन् । एमालेअघि राप्रपा र रास्वपाले पनि सरकार छोडिसकेका छन् । आफु नेतृत्वको सरकार गठन हुँदा समर्थन गरेका दलहरुले सरकार छोडेपछि प्रधानमन्त्री प्रचण्डले नयाँ दलहरुलाई समेटेर मन्त्रिमण्डललाई पूर्णता दिने र विश्वासको मत लिने तयारीमा छन् । त्यसका लागि आठ दलीय गठबन्धनका शीर्ष नेताहरुमा सामान्य छलफल भएपनि ठोस छलफल हुन सकेको छैन ।
आठ दलीय गठबन्धनमध्येको नेकपा एकीकृत समाजवादीले सरकारमा जाने निर्णय गरिसकेको छ । त्यसका लागि अर्थसहित भौतिक योजना मन्त्रालय दावी गर्ने तयारी गरेको अध्यक्ष माधवकुमार नेपाल निकट स्रोतले जनाएको छ ।
'हामी यो सरकारमा जाने निश्चित छ । तर कुन कुन मन्त्रालयसहित जाने भन्ने कुरा प्रधानमन्त्रीसँग छलफल भएपछिमात्रै थाहा हुन्छ । हाम्रो तर्फबाट अर्थ र भौतिक मन्त्रालयमा दावी रहन्छ', अध्यक्ष नेपाल निकट स्रोतले भन्यो,' अर्थ र भौतिकसहित २ वटा मन्त्रलायमा हामी दावी गर्ने तयारीमा छौ ।'
एमालेले सरकार छोडेपछि अर्थ खाली छ भने भौतिक माओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले सम्हाल्दै आएका छन् । पछिल्लो समिकरणपति श्रेष्ठलाई गृहमा पठाउने प्रधानमन्त्री प्रचण्डको तयारी रहेको बुझिएको छ ।
हुनत एकीकृत समाजवादीबाट सरकारमा जाँदा कसको नेतृत्वमा जाने भन्ने पार्टीभित्र छलफल भइनसकेको उपमहासचिव जगन्नाथ खतिवडा बताउँछन् । 'त्यसबारे छलफल नै भएको छैन', खतिवडाको भनाइ छ । तर उपाध्यक्ष राजेन्द्र पाण्डे र उपमहासचिव प्रकाश ज्वालामध्ये एकले पार्टीबाट सरकारको नेतृत्व गर्ने सम्भावना रहेको नेताहरुको भनाइ छ ।
पाण्डे वागमती प्रदेशको मुख्यमन्त्री ज्वाला कर्णाली प्रदेशको अर्थमन्त्री भैसकेका छन् । त्यो बाहेक महासचिव बेदुराम भुसाललाई सरकारको नेतृत्व गरेर पठाउनुपर्ने मत पनि पार्टीमा उठ्न थालेको केही नेताहरुको भनाई छ ।
मन्त्रिमण्डल विस्तार र विश्वासको मत लिने काम राष्ट्रपति निर्वाचन अघि गर्ने कि पछि गर्ने ? भन्नेमा सत्ता साझेदार दलहरुसँग प्रधानमन्त्री प्रचण्ड छलफल गर्ने तयारीमा छन् । एकीकृत समाजवादीका महासचिव बेदुराम भुसाल आठ दलीय गठबन्धन बन्दा पावर शेयरिङबारे खासै छलफल नभएको बताउछन् । 'पावर सेयरिङबारे गठबन्धनमा छलफल भैसकेको छैन', भुसालले भने, ' अव विस्तारै छलफल हुदै जान्छ ।' त्यस्तै माओवादी केन्द्रका नेता शक्ति बस्नेतले पनि गठबनधनका कुन कुन दल सरकारमा सहभागी हुने र ककसले कुन मन्त्रालय पाउने भन्ने छलफल सुरु नै नभएको बताए । 'त्यसबारे छलफलको सुरुवात नै भएको छैन', बस्नेतको भनाइ छ ।


# मध्यमा परिक्रमा आज धनुषाधाम जाने

मधेशदृष्टि
जनकपुरधाम, १६ फागुन । विश्वकै लामो पदयात्राको परिचित मिथिलाको बहुचर्चित सांस्कृतिक उत्सव 'मिथिला माध्यमिकी परिक्रमा' टोली मंगलवार धनुषाको पर्वता पुगेका छन् भने बुधवार धनुषाको धनुषाधाम जानेछ ।
महोत्तरीको कञ्चनवनबाट पदयात्रा गर्दै परिक्रमाबासीहरू मंगलबार बिहान पर्वता पुगेका हुन् । परिक्रमामा सहभागीहरू बिहीबार औरही, शुक्रबार विशौल हुँदै शनिबार पुनः कल्याणेश्वर र त्यसपछि पूर्णिमाका दिन आइतबार जनकपुरधाम फर्कने छन् ।
धनुषाको ठेरा कचुरीस्थित मिथिलाबिहारी मठबाट गत सोमबारदेखि सुरु भएको मिथिला माध्यमिकी परिक्रमा पहिलो दिन हनुमानगरमा विश्राम गर्दै मंगलबार बिहान कल्याणेश्वरको लागि प्रस्थान गरेको थियो । मंगलबार यात्रीहरूले कल्याणेश्वर स्थान (कलना), बुधबार गिरिजास्थान, बिहीबार मटिहानी, शुक्रबार जलेश्वर, शनिबार मडै, आइतबार ध्रुवकुण्ड र सोमबार कञ्चनवनमा विश्राम गरेका थिए ।सोमबार कञ्चनवनमा अग्निकुण्ड मन्दिरको आयोजनमा परिक्रमामा सहभागीहरूले एक आपसमा होली खेलेका थिए । हरेक वर्ष हुने परिक्रमामा भक्तजनले १५ दिनमा नेपालको १०५ र भारतको २८ गरि कूल १३३ किलोमिटरको दूरीमा पैदल यात्रा गर्ने गर्छन् ।
पवित्र धार्मिक स्थलहरूको परिक्रमा गर्दा पाप नाश हुनुका साथै पुण्य मिल्ने जनविश्वास छ । परिक्रमा अवधिभर सहभागीहरूले झाँकी, भजनकीर्तन पनि गर्छन् । मिथिलाको महाकुम्भ भनेर चिनिने यस महामहोत्सवमा हजारौंको सहभागिता रहने गरेपनि यस धार्मिक यात्रालाई व्यावसायिक रूप दिन नसक्नु सरकारको कमजोरी रहेको जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले बताएका छन् ।
परिक्रमामा सहभागीहरूका लागि प्रत्येक वर्ष बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले १५ वटै विश्रामस्थलमा बिजुली, खानेपानीलगायतको व्यवस्था मिलाउने गरेको छ । परिक्रमा गर्नेहरू राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् ।स्थानीयबासिन्दाहरूले पनि सहभागीका लागि अन्न, दाउराको प्रबन्ध मिलाउने गरेको छ । नेपाल भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीक बनेको यस परिक्रमा यात्रामा नेपालको १३ तथा भारतको २ गरी जम्मा १५ वटा विश्रामस्थलहरू छन् ।
मिथिला महात्म्यअनुसार १८औं शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाका रूपमा मनाइँदै आएको हो । प्राचीन मिथिलाको राजधानी जनकपुरधामको चारवटै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षिरेश्वर र सप्तेश्वरनाथलाई आधार मानेर परिक्रमा गर्ने गरेका छन् ।

# ट्याक्टर दुर्घटनामा एकको मृत्यु

मधेशदृष्टि
सर्लाही, १६ फागुन । नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा ट्याक्टर दुर्घटना हुँदा बालकको मृत्यु भएको छ ।
सोमबार राति विनयी त्रिवेणी गाउँपालिका-४ देउराली-सर्दी भित्री सडकखण्डमा ट्र्याक्टर दुर्घटना हुँदा विनयी त्रिवेणी-४ का १३ वर्षीय बविन क्षेत्रीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपुरका सूचना अधिकारी सन्तोष पाठकले बताएका छन् ।
दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको लु४त ३०४६ नंको ट्र्याक्टर आफैं अनियन्त्रित भई सडक छेउमा पल्टन जाँदा तीन जना घाइते भएकामा क्षेत्रीको उपचारका क्रममा मध्यविन्दु जिल्ला अस्पताल डण्डामा मृत्यु भएको जनाइएको छ । दुर्घटनामा परी घाइते भएका थप दुई जनाको सोही अस्पतालमा उपचार भइरहेको सूचना अधिकारी पाठकले जनाए ।

# पूर्वराजा ज्ञानेन्द्रलाई अघि सार्दै दुर्गा प्रसाईको आन्दोलन



मधेशदृष्टि
काठमाडौ, १६ फागुन । पूर्वराजा ज्ञानेन्द्र शाहलाई अघि सार्दै व्यवसायी दुर्गा प्रसाईंले १५ बुँदे मागसहितको आन्दोलन घोषणा गरेका छन् । महाभियानले फागुन २० देखि आन्दोलन सुरु गर्ने जनाएको छ ।
राष्ट्र, राष्ट्रियता, धर्म-संस्कृति र नागरिक बचाउ महाभियानको नाममा प्रसाईंले आन्दोलनको घोषणा गरेका हुन् । पुनः प्रजातन्त्र प्राप्तिका लागि आम नेपाली जनसमुदायलाई माया गर्दै पूर्व राजालगायत राजपरिवारका सदस्यलाई नागरिकको हैसियतमा यो आन्दोलनमा सहभागी हुन संविधानले कुनै अवरोध नभएको प्रसाईंले एक पत्रकार सम्मेलन गरी बताए ।
पत्रकार सम्मेलनमा महाअभियानले संघीयता खारेज गर्नुपर्ने, हिन्दुराष्ट्र कायम गर्नुपर्ने, २०४७ को संविधान लागु गर्नुपर्ने, बैंक तथा वित्तीय संस्थाहरूलाई राष्ट्रिय करण गर्नुपर्ने माग अघि सारिएको छ ।
तयस्तै २० लाख भन्दा माथिको ऋण ४ देखि ५ प्रतिशत ब्याजदरमा दिनुपर्ने, ऋणलाई पुनर्संरचना गरी १५ वर्षसम्ममा किस्तामा बैंकको ऋण तिर्ने वातावरण बनाउनुपर्ने, सरकारको मातहतमा रहेका संघ संस्थाहरुको पुँजी बैंकमा राख्दा शून्य प्रतिशत ब्याजमा राखिनुपर्ने, निजामती कर्मचारीको तलब सुविधा १ लाख ५० हजार हुने ग्यारेन्टी गर्नुपर्ने, सर्वोच्चमा १०० जना न्यायाधीश थप गरेर सबै मुद्दाको छिनोफानो २ वर्षभित्र गर्नुपर्ने जस्ता माग पनि गरिएको छ ।

# एक महिनामै फरार ६० प्रतिवादी पक्राउ

मधेशदृष्टि
सप्तरी, १६ फागुन । सप्तरी प्रहरीले एक महिनाको अवधिमा ६० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । अदालतबाट कैद सजाय तोकिएर फरार रहेकाहरु मध्ये एक महिनाको अवधिमा ६० जनालाई पक्राउ गरी अदालतमा उपस्थित गराइसकिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । आदेशानुसार जरिवाना तोकिएकाहरुबाट जरिवाना रकम असुलीको प्रकृया सुरु गरिएको तथा कैद सजाय तोकिएकाहरुलाई कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको सप्तरी प्रहरीले जनाएको छ ।
पछिल्लो पटक लुटपाट र कुटपिटमा संलग्न एक महिलासहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको थियो । पक्राउ पर्नेमा कुटपिट मुद्दाका फरार प्रतिवादी सप्तरीको अग्निसाइर कृष्णा सवरण गाउँपालिका- २ सीतापुरकी ४९ वर्षीया भगियादेवी सदा, ५५ वर्षीय महावीर सदा र ६० वर्षीय मुनर सदा रहेका छन् ।
त्यस्तै,लुटपाट मुद्दाका फरार प्रतिवादी सोही वडाका ४८ वर्षीय मूर्ति भन्ने मुरत लाल मुखिया र सुरुंगा नगरपालिका- ९ का ४५ वर्षीय भूपनारायण साह पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालयबाट खटिएका टोलीले उनीहरुलाई गाउँघरमै लुकी वसेको अवस्थामा आइतबार राति पक्राउ गरी सोमबार सप्तरी जिल्ला अदालतमा जरिवाना र कैद सजायका लागि दाखिला गरेको जनाएको छ । प्रहरी प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार अदालतबाट कुटपिट र लुटपाट मुद्दामा फैसला आएपछि उनीहरु फरार भएका थिए । फरार अभियुक्तमाथि निगरानी बढाइएपछि धमाधम पक्राउ पर्न थालेको प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले बताए ।

# नेपाल पुलिस स्कूल गरुडाको शैक्षिक मेला तथा विज्ञान प्रर्दशनी

मधेशदृष्टि, गरुडा,१६ फागुन । रौतहट जिल्लाको गरुडा नगरपालिकामा रहेको नेपाल पुलिस स्कूल गरुडाको शैक्षिक मेला तथा विज्ञान प्रर्दशनी २०७९ सम्पन्न भएको छ । सो स्कूलको प्रांगणमा मंगलवार मेला आयोजन गरिएको थियो । शैक्षिक मेलाको उद्धघाटन गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनी जयसवालले गरे । कार्यक्रममा रौतहटका प्रमुख जिल्ला अधिकारी धमेन्द्र कुमार मिश्र,रौतहटका नि. प्रहरी प्रमुख प्रहरी नायब उपरिक्षक उमाशंकर यादवले शैक्षिक मेलाको अवलोकन गरेको स्कूलका समादेशक प्रहरी निरिक्षक लोकेन्द्र जिसिले जानकारी गराए । सिकाइ निरन्तर अभियान अन्तर्गत शैक्षिक गुणस्तरलाई सुधार गर्नका लागि विद्यार्थीहरूलाई भौतिक ज्ञान बढाउने र अभिभावक विद्यार्थीहरूमा आआफ्नो जिम्मेवारीको बोध गराउने उद्देश्यले मेलाको आयोजना गरिएको स्कूलका प्रिन्सिपल बिणा झाले जानकारी दिए ।बिधार्थीहरु लाइ समूहमा काम गर्ने,व्यवहारिक ज्ञान,लगायत जिवनलाइ आवश्यक सिपहरु बिधालयका यस्ते कार्यक्रमहरु बाट नै सिक्ने मौका पाउने उनले बताएन् । मेलामा विज्ञान प्रदर्शनी,चित्रकला प्रदर्शनी,विभिन्न सिर्जनात्मक क्षमताको प्रर्दशनी,विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरु प्रर्दशनी गरिएको थियो । सो अवसरमा गरुडा नपाकी उपप्रमुख पुनम कुमारी चौधरी अभिभावक,बिधार्थी, शिक्षाप्रेमी, राजनीतिज्ञ लगायतका व्यक्तीहरुको उपस्थिती रहेको थियो ।

# परिक्रममा एक श्रद्धालु सहित दुईको मृत्यु

मधेशदृष्टि
महोत्तरी, १६ फागुन । मिथिलामा जारी पन्ध्र दिने माध्यमिकी परिक्रमा यात्राअन्तर्गत महोत्तरीको ध्रुवकुण्डमा लागेको मेलामा सोमबार एक तीर्थयात्रीको मृत्यु भएको छ ।
मृत्यु हुनेमा मटिहानी नगरपालिकाको धिरापुरगाउँ निवासी ७० वर्षीय राजदेव मण्डल रहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलले बताएका छन् ।
यसैगरी महोत्तरीको बलवा नगरपालिका-१० मा मोटरसाइकलले ठक्कर दिँदा भारतीय नागरिकको मृत्यु भएको छ ।
सोमवार राति भएको सो दुर्घटनामा मृत्यु हुनेमा भारत विहार राज्यको मधुबनी जिल्लाको साहरघाट ग्रामपञ्चायत बस्ने ६७ वर्षीय प्रेमलाल महतो रहेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलले जानकारी दिएका छन् ।बलवा-१० को धमौराबाट बनौटा जाँदै गरेको प्र २-०२-००२ प ३३७२ नम्बरको मोटरसाइकलले बाटो काट्दै गरेका महतोलाई ठक्कर दिएको थियो। उपचारार्थ बर्दिबासस्थित ट्रमा सेन्टरमा लगिएकामा उपचारका क्रममा उनको मंगलवार बिहान मृत्यु भएको हो । घटना पश्चात मोटरसाइकल चालक २२ वर्षीय कृष्ण चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

# होलीमा जथाभावी रंग लगाउनेलाई कारवाही गरिने

मधेशदृष्टि
वीरगंज, १६ फागुन ।
बारा प्रहरीले होली पर्वका नाममा जथाभावी रङ्ग लगाउनेलाई कारबाही गर्ने भएको छ ।
जिल्ला प्रशासन कार्यालय बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले मंगलवार एक सूचना जारी गर्दै जथाभावी तरिकाले रङ्ग खेल्ने ब्यक्तिलाई पक्राउ गर्ने आदेश दिएका हुन । होली पर्व मनाउने क्रममा जथाभावी रंग दल्ने, लोला हान्ने, बाटोमा हिँड्ने व्यक्तिलाई अनावश्यक दुःख दिने, बाटो अवरोध गरी सवारी साधनबाट रकम असुल्ने, यातायात आवागमनमा अवरोध गर्नेलाई कार्वाही गरिने प्रमुख जिल्ला अधिकारी सापकोटाले जारी गरेको सूचनामा उल्लेख छ ।
वारा प्रशासनले वातावरण तथा जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने रंगिन बस्तुहरु, केमिकल, प्लाष्टिकजन्य लोला लगायतको प्रयोग एवम आयात र बिक्री वितरण समेत नगर्न चेतावनी दिईएको छ । प्रशासनले जारी गरेको आदेशको अवज्ञा भएमा कानुनबमोजिम कार्वाही गरिने जनाईएको छ ।
प्रमुख जिल्ला अधिकारी सापकोटाले होली मनाउँदा आ-आफ्नो धार्मिक, सांस्कृतिक, सामाजिक परम्पराको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी सभ्य, भव्य तथा सुसंस्कृति रुपमा मनाउन आग्रह समेत गरेका छन् ।

# जनमत पार्टी सरकारबाट नबाहिरिने

मधेशदृष्टि
जनकपुरधाम, १६ फागुन । आफूहरु सरकारबाट नबाहिरिने जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले बताएका छन् ।
मंगलबार काठमाडौंमा आयोजित विद्यार्थी संघको केन्द्रिय बैठक तथा प्रशिक्षण कार्यक्रमपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष राउतले जनमत पार्टी सरकारबाट नबाहिरिने बताए ।
माओवादी केन्द्रकै नेतृत्वमा सरकार रहेकोले सरकार बदलिएको भन्न नमिल्ने उनले बताए । उनले भने, 'यो भन्दा पहिला पनि माओवादीकै नेतृत्वमा सरकार थियो । अहिले पनि माओवादीकै नेतृत्वमा सरकार छ । सरकार कहाँ बदलिएको छ त ? सरकारमा सामेल भएका दलहरु फेरिएका । सरकार फेरिएको छैन । सरकार बदलिएको होइन । हामी त्यही भएर सरकारमा यथावत रहनेछौं ।'
अध्यक्ष राउतले राष्ट्रपतिमा आफूहरुले स्वच्छ छवि भएको र दल विशेषको भुमिका नखेल्ने व्यक्ति खोजेको उल्लेख गर्दै सोही बमोजिमको पात्रको रुपमा रामचन्द्र पौडेललाई समर्थन गरेको बताउंदै जनमत पार्टी राष्ट्रपति र सभामुख एउटै पार्टीलाई दिन नहुने पक्षमा रहेकाले पनि पौडेललाई समर्थन गरेको स्पष्ट पारे ।
'अहिले त्यस्तो कुनै महत्वपूर्ण परिस्थिति भएको छैन जसले सरकार बाहिर आउनु परोस, सरकारबाट बाहिरिने कुनै परिस्थिति नै बनेको छैन जनमत पार्टीको,' उनले भने, 'अरु पार्टीहरु त माग पूरा भएन, कसैलाई राष्ट्रपति भएन, कसैलाई मन्त्रालय भएन भनेर बारिरिएको हो । जनमत पार्टीको लागि कुनै त्यस्तो कुनै नयाँ परिस्थिति सिर्जना भएको छैन । त्यही भएर जनमत पार्टी सरकारमा यथावत छ ।'

# नेपाल भारत सम्बन्ध बारे छलफल

मधेशदृष्टि, जनकपुरधाम, १६ फागुन । भारतको आदर्श श्रमजीवी पत्रकार संघका अध्यक्ष डी. एल. शर्माको नेतृत्वमा नेपाल भ्रमणमा आएको टोलीले तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालसँग भेटघाट गरेका छन् । अध्यक्ष शर्माको नेतृत्वमा आएको ७ सदस्यीय टोलीले तमलोपा अध्यक्ष लालसँग पार्टी कार्यालयमा भेटघाट गरी नेपाल-भारत सम्बन्धबारे छलफल गरेका छन् ।
पत्रकारहरुको टोलीमा अध्यक्ष शर्मासहित उपाध्यक्षहरु ललित गुप्ता, दिलिप कारपेन्टर, महासचिवद्वय अशोक चौधरी, इश्वर गुर्जर, प्रवक्ता शंकर लाल र कोषाध्यक्ष अनिल शर्मा सहितका रहेका छन् ।
छलफलमा नेपाल-भारत सम्बन्धको वर्तमान स्थिति, सकारात्मक संकेतहरू र सम्बन्ध अझै प्रगाढ बनाउन हुनु पर्ने प्रयत्नहरुबारे कुराकानी भएको तमलोपाकी नेतृ बिन्दु ठाकुरले बताइन् । छलफलमा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्णको समेत उपस्थिती रहेको थियो । तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले टोलीलाई होलीको शुभकामना दिंदै सम्मान गरेका थिए ।

# भन्सार छलीको लत्ताकपडाहरु सहित ट्रक नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, १६ फागुन ।
पर्सा प्रहरीले अवैध रुपमा भन्सार छलीको लत्ताकपडाहरू लोड रहेको ट्रक नियन्त्रणमा लिएको छ ।
वीरगञ्ज महानगरपालिका वडा नम्बर २५ सिर्सिया स्थित सडकखण्डबाट ना ६ ख ६२ नम्बरको मालवाहक ट्रकलाई नियन्त्रणमा लिएको हो ।
बिल बिजक भन्दा बढीको लत्ताकपडा वीरगञ्जबाट काठमाण्डौतर्फ लैजादै गरेको भन्ने सूचना पाए लगतै जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले ट्रक रोकी जाँच गर्ने क्रममा भन्सार छलीको लत्ताकपडाहरू बरामद भएको पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिएका छन् । बरामद गरिएको लत्ताकपडा सहितको ट्रकको ९२ लाख ८८ हजार ४८ रुपैया मूल्यांकन गरी थप अनुसन्धान तथा आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरी प्रवक्ता गिरीले बताए ।

सम्पादकीय

# तस्करीको उपज भारु सस्तियो

भारु भन्दा नेपाली रुपैयाँ बलियो ? अहिले नेपालको प्रमुख आर्थिक नाका वीरगंज लगायतका सीमावर्ती बजारहरु, जनकपुरधाममा भारुको प्रचुरता रहेको चर्चा छ ।केही महिना अघिसम्म नेपाली रुपैयाबाट आधिकारिक विनिमय दरमा भारती रुपैया पाइदैनथ्यो ।भारतीय बजारमा जाँदा एक सय भारुका लागि १ सय ६० रुपैया नेपाली विनिमय दर भएपनि त्यसरी कारोवार हुँदैनथ्यो । कतिपय अवस्थामा १ सय ६० को नभएर १६५ र सो भन्दा माथिसम्ममा सट्ही हुने गर्दथ्यो । अहिले अवस्था विलकुल विपरित छ। सतहमा नेपाली पैसाको माग बढेको छ, भारतीय पैसाको अवमूल्यन भएको छ । परिणाम नेपाल सीमावर्ति सहर वीरगंज रक्सोलमा आजकल सर्वसाधारणदेखी व्यापारिहरुले समेत भारतिय रुपैया लिन मान्दैनन्, लिन पर्यो भने भारु एक सयको १६० विनिमयदरमा घटाएर व्यापारि हरुले १५० मा मात्र लिने गरेको पाइन्छ। सीमापारिको सहर रक्सौलमा समेत मालसाान किनमेल गर्न गएका नेपालीहरुसँग त्यहाँका व्यापारीहरुले नेपाली रुपैयाँ भुक्तानिदिन आग्रह गर्छन्। भारु भुक्तानी गर्दा सयकडाको ३ देखि ५ रुपैयासम्म कट्टा गरेर मात्र भुक्तानी गर्ने गरेका छन् । यता वीरगंज बजारमा त झन व्यापारीहरुले भारतीय रुपैया लिन मान्दैनन् लिन पर्यो भने एक सय भारु एक सय ६० हुनेमा व्यापारीले एक सय भारुलाई १५० मा लिने गरेका छन्। पछिल्लो ५/७ महिना यता उल्टो अवस्था आएको छ। भारुको अवमुल्यन भएको छ। भारुको अवमुल्यन हुनमा ठोस कारण कसैले पनि बताउन चाहदैनन्। यस सन्दर्भमा नेपाल राष्ट्र बैंक समेत मौन रहन चाहन्छ । बैंकका जिम्मेवार अधिकारीहरु हामीलाई कुनै जानकारी छैन भन्दै पन्छिन चाहन्छन् । त्यस्तै अवस्था यहाँका उद्यमी, व्यापारीको छ। उनीहरु पनि मौन हुन रुचाउँछन् ।

के अहिले भैरहेको भारुको प्रचुरता स्थायी हो त ? यसै आधारमा नेपालले भारतसँगको विनिमयदरमा परिवर्तन गर्न मिल्दछ ? हो भने हामी बलिया भयौ, यो अन्त्यन्त सुखद कुरा भयो । तर, त्यस्तो सकारात्मक सन्देश कतै देखिदैन। सरकारको आर्थिक नीति, कार्यक्रमका कारण यस्तो अवस्था आएको पनि होइन । सोझो बुझाईमा भारती रुपैयाको आपुर्ति धेरै भयो। यस्तो अवस्थाले भारतीय सामान सस्तो हुन्छन्, भारतीय सामान किन्न उपभोत्ता प्रोत्साहित हुनेहुन्छ।

अब स्वभाविक प्रश्न उठ्छ कसरी यस्तो अवस्थ आयो त ?जानकारहरु हुण्डि मार्फत ठूलो परिणाममा नेपालमा भारु भित्रिरहेको बताउँछन्। सीमावर्ति भारतीय बजारमा रहेको कालोधन नेपालमा आइरहेको उनीहरुको कथन छ। त्यो बाहेक नेपालमा भारततर्फ हुने तस्करी बढ्दो छ । सुन, चाँदी, सुपारी, अलैची, छोगडा, गेडागुडी विशेष गरेर केराउ, मदिरा तस्करी हुन्छ नेपालबाट ।तस्करी भएर गएका सामानको भुक्तानी बैंकिङ्ग प्रणालीबाट हुने कुरा भएन। त्यस्तो पैसा हुण्डि लगायतका माध्यमबात अवैध रुपमा नेपाल भित्रन्छ । नेपालका सीमावर्ति बजारमा आउँछ।

राम्रो किसिमले, सरकारको आर्थिक नीतिको प्रभावबाट नेपाली रुपैयाँको हैसियत बढेको थियो भने राम्रो हो । तर, यहाँ त खराब नियतबाट तत्कालका लागि क्षणिक रुपमा अनौपचारिक विनिमयदरमा बद्ली भएको मात्र हो । यसबाट के देखिन्छ भने हामीकहाँ अवैध कारोवारको बोलबाला बढेको छ । केही महिना यता तस्करीले औपचारिक व्यापारलाई ध्वस्त पारेको छ । आयात निर्यातको प्रणालीलाई नराम्ररी बिगारेको छ। कतिसम्म भने हामी कहाँ राज्य निर्देशित तस्करी फष्टाएको छ। त्यो भनेको भारतको बजेट एक महिना अघिनै आइसकेको छ । फेब्रुवरी १, २०२३ ( माघ १८, २०७९)मा भारतको बजेट सार्वजनिक भएको छ। नेपालको बजेट आउँदो जेठ १५ गते सार्वजनिक गर्ने चलन छ। यस आधारमा नेपालको भन्दा करिब ४ महिना अघि भारतको बजेट आउँने छ। नेपालले आफ्नो बजेट सार्वजनिक गर्दा नेपालबाट जे जे बस्तु भारतमा तस्करी हुन्छन्, ती बस्तु आयात गर्दा लाग्ने भंसार लगायतका शुल्क भारतकै हाराहारी राख्यो भने तस्करीको संभावना रहदैन।

तर, प्रत्येक वर्ष जानाजान भारतमा भन्दा कम भंसार दर राखिन्छ र तस्करीलाई प्रोत्साहीत गर्दै आइरहेको देखिन्छ । जस्तो बीउ, उस्तै फल भनेझैं तस्करी प्रोत्साहित गर्ने नीतिले राम्रो परिणाम दिन सक्तैन। अहिले त्यसकै प्रतिफल देखिको हो । यस्ता क्षणिक उतारचढावले अर्थतन्त्रलाई योगदान दिने पनि होइन । नेपालको सीमावर्ति प्रशासनमा व्यापक सुधार आवश्यक छ । भंसार कार्यालयहरु, सीमा सुरक्षाको जिम्मा लिएको शसस्त्र प्रहरी, नेपाल प्रहरी मुलुकप्रति जिम्मेवार र जवाफदेही हुने हो भने यस्ता मौसमी प्रवृतिहरु आफै नियन्त्रित हुने हुन्छन्।

# पुँजीबजार सुधार्न व्यावसायिक घरानाका कम्पनी सूचीकृत हुनुपर्छ

*नेपालको समग्र अर्थतन्त्र नै थोरै व्यावसायिक समूहको नियन्त्रणमा छ। यस्तो नियन्त्रणलाई सरकारले पुँजीबजार प्रयोग गरेर बाहिर ल्याउनुपर्छ। सरकारले त्यसो नगरेको खण्डमा नयाँ उद्योग मर्ने तथा इनोभेसन नै समस्यामा पर्न सक्छ ।*



– डा. मनोज शाही

अन्तर्राष्ट्रिय पुँजीबजारको तुलनामा नेपालको बजारमा धेरै उतारचढाव आउने गरेको देखिन्छ । त्यसको मुख्य कारण धितोपत्र बजारमा लगानी गर्दा अर्थतन्त्र, कम्पनीको वित्तीय अवस्था तथा बजार अवस्था विश्लेषण गरेर भन्दा पनि हल्लाका भरमा लगानी गर्ने प्रवृत्ति हाबी भएर पनि हो । त्यसका साथै पुँजीबजारमा सूचीकृत कम्पनीको विविधता नभएकाले पनि धितोपत्र बजारमा कारोबारी हाबी हुँदा धेरै उतारचढाव आउने गर्छ। नेपालको अर्थतन्त्र हेर्दा सीमित व्यक्ति वा समूहको नियन्त्रणमा रहेको छ। ती व्यावसायीक घरानाको व्यापार-व्यवसायले अर्थतन्त्रलाई गति दिँदै आएको छ । अर्थतन्त्रलाई नै नियन्त्रणमा राख्ने व्यावसायिक घरानाका कम्पनीलाई धितोपत्र बजारमा ल्याउनु आवश्यक देखिन्छ। यस विषयमा सरकारले पनि गम्भीररूपमा सोच्नुपर्ने समय भएको छ । सीमित व्यक्तिको नियन्त्रणमा रहेका कम्पनी पुँजीबजारमा आएको खण्डमा सर्वसाधारणको सहभागिताले अर्थतन्त्रलाई नै गति दिने निश्चित छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा पनि सीमित समूहको नियन्त्रणबाट अर्थतन्त्र बाहिर ल्याउने बलियो माध्यम भनेकै पुँजीबजार हो। पछिल्लो उदाहरण हेर्दा पनि भारतमा सीमित व्यक्ति वा समूहको नियन्त्रणमा रहेका धेरै कम्पनी पुँजीबजारमा आएका छन् । त्यसले त्यहाँको पुँजीबजार मात्र नभई अर्थतन्त्रलाई नै गति प्रदान गरेको देख्न सकिन्छ । त्यतिमात्र नभई अन्तर ष्ट्रिय पुँजीबजारसँग समेत जोडिन मद्दत गरेको छ। विश्व सेयर बजारमा आएको उतारचढावले भारतीय पुँजीबजार पनि प्रभावित हुने गर्छ । तर, नेपालको पुँजी बजारका सन्दर्भमा त्यस्तो हुन सकेको छैन।

नेपालको पुँजीबजार अन्तर्राष्ट्रिय बजारसँग नजोडिनुका धेरै कारण मध्ये ठूला व्यावसायिक घरानाका कम्पनी नआउनुलाई पनि लिन सकिन्छ । धितोपत्र बजारमा सहभागी कम्पनीको विविधताका लागि पनि सरकारले त्यस्ता समुदायका कम्पनीलाई बजारमा ल्याउनुपर्छ । पछिल्लो समय नेपाली पुँजीबजारमा देखिएको उतारचढाव भने अन्तर्राष्ट्रिय बजारसँग मेल खान जान्छ । त्यसको मुख्य कारण भनेको विश्वअर्थतन्त्रमा देखिएका एकपछि अर्का समस्या हुन्। कोरोना महामारीका कारण विश्वअर्थतन्त्रको माग र आपूर्ति संरचना नै खल्बलिन पुग्यो । त्यसको लगत्तै रुस र युक्रेन युद्ध पनि एक कारणका रूपमा देखापरेको छ। त्यसका साथै पछिल्लो समय चीनको जिरो कोभिड नीतिले विश्व आपूर्ति शृंखलामा थप असर पुगेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि आगामी वर्षसमेत विश्वअर्थतन्त्र खुम्चिने
प्रक्षेपण गरेको छ । तर, नेपालको सन्दर्भमा भने सुधार हुने अनुमान कोषको छ। नेपाली अर्थतन्त्रमात्र नभई पुँजीबजारकै कुरा गर्दा अन्तर्राष्ट्रिय आबद्धता छैन। नेपाली सेयर बजार र छिमेकी मुलुक भारतकै पुँजीबजारको ' कोरिलेसन' हेर्दा पनि ५० प्रतिशतजति मात्र देखिन्छ। कुनै समय यस्तो सम्बन्ध नकारात्मक पनि थियो । यसले पनि देखाउँछ कि पुँजीबजारका सन्दर्भमा हामी विश्वबजारसँग जोडिएका छैनौं । अन्तर्राष्ट्रिय बजारसँग सम्बन्ध नहुँदा अवसर र चुनौती दुवै हुन्छ । वाह्य बजारसँग सम्बन्ध नभएपछि आन्तरिकरूपमा मात्र पुँजीबजार अगाडि लैजान सक्छौं कि सक्दैनौं भन्ने प्रश्न आउँछ। सममान्यतः अर्थतन्त्रअनुसार नै पुँजीबजारमा उतारचढाव आउनुपर्ने हो। कोरोना महामारीमा सबै मानिस घरभित्र थुनिएसरह भयो । त्यो समयमा के गर्ने भन्ने अन्योलतामा सेयर बजारमा लगानी विकल्प बन्यो । बजार बढिरहेको अवस्था छ केही हुन्छ कि भनेर लगानी गर्नेको संख्या बढ्दै गएपछि नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचकले नयाँ उचाइ बनाउँदै गयो । तर, त्यो वृद्धि अर्थतन्त्र तथा सूचीकृत कम्पनीको कार्यसम्पादनमा सुधार आएका कारण नभई विचार गर्न गरिएको लगानीको कारण हो। आधारभूत विश्लेषण नगरी पुँजीबजारमा लगानी बढाएको हो भन्ने पुष्टि पछिल्ला दिनमा आएको गिरावटले स्पष्ट हुन्छ। नेपाली पुँजीबजारमा मात्र नभई विश्वका अधिकांश सेयर बजार सूचक अहिले घट्दो गतिमा देखिएका छन् । यसको मुख्य कारण भनेको हेरौं न भनेर गरिएको लगानीका नतिजा हो । नेप्से सूचक ३२ सयसम्म पुगेर १८ सयसम्म झरेको अवस्था छ । बजार घट्ने बढ्ने त हुन्छ नै । पुँजीबजारको अवस्था पनि झल्काउँछ । अर्थतन्त्र नै अन्यौलमा हुँदा समेत पुँजीबजारले नयाँ उचाइ बनाउनु भनेको विकृति हो । धितोपत्र बजारमा दिर्घकालीन सोचेर लगानी गर्ने व्यक्तिले अर्थतन्त्र, बजारको अवस्था तथा आफूले सेयर किन्न लागेको कम्पनीका आधारभूत पक्ष विश्लेषण गर्छ । अल्पकालीन लगानी गर्नेले कारोबार गर्ने हो । पुँजीबजार

> “नेप्सेमा रहेको जलविद्युत समूहलाई उदाहरणका रूपमा लिएर लगानीकर्ताले किनबेच गर्ने व्यवहार हेर्न सकिन्छ। जलविद्युत भनेको 'फिक्स्ड इनकम' जस्तै हो। एउटा आयोजनाको अवधि ३५ वर्ष हुन्छ। पाँच वर्ष निर्माणमा जान्छ। बाँकी ३० वर्ष भ्यालु खाने हो। यसको उत्पादन क्षमता र आम्दानी भनेको फिक्स छ। तर, पुँजीबजारमा जलविद्युत कम्पनीको सेयर कारोबार भएको मूल्यले त्यो विषयलाई संकेत नै गर्दैन। निर्माण नै नभएका जलविद्युत कम्पनीसमेत नेप्सेमा सूचीकृत छन्। यसले नेपाली धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ता सुरक्षित छैनन् भन्ने बुझिन्छ

मुख्य आधार भनेको अर्थतन्त्र नै हो । अर्थतन्त्रअनुसार नै पुँजीबजार चल्ने हो । सोअनुसार बजार चलेको छैन भने त्यहाँ विकृति हाबी छन भन्ने बुझ्नुपर्छ । पुँजीबजारले देशको अर्थतन्त्रका भनेको सूचनाको पनि खेल हो। बजारमा आएका हल्ला आधार मानेर सेयर खरिद बिक्रीको निर्णय गर्दा कमाउन पनि सकिन्छ र गुमाउन पनि सकिन्छ । अहिले पुँजीबजारमा 'स्पेक्युलेटिभ बबल' बिस्तारै घट्दै गएको छ। सेयर बजारमा लगानी गर्दा मुख्यतः अहिलेको र भोलिको मूल्य हेर्ने गरिन्छ। कुनै पनि स्टक खरिद बिक्रीको निर्णय आजको र भाविष्यको भ्यालुलाई आधार बनाएर गरिन्छ । भविष्यमा दिने भ्यालुलाई प्राथमिकतामा राखेर लगानी गर्दै जाँदा मूल्य बढ्दै जान्छ। तर, भविष्यको भ्यालु अनुमान गरिएअनुसार नहुँदा स्टक मूल्य घट्न जान्छ। धितोपत्र बजारमा बढ्ने वा घट्ने भनेको आवश्यकताभन्दा धेरै महत्व दिने भएकाले हो । आवश्यकताभन्दा धेरै महत्व दिए पनि बजार सूचकमा ' पिक्स एन्ड बबल' सिर्जना हुन्छ। यसमा लगानीकर्ताले कस्तो व्यवहार गरको छ भन्ने कुराले पनि उत्तिकै महत्व राख्छ। सबै लगानीकर्ताले आधारभूत विश्लेण गरेर लगानी नगर्ने भएकाले पनि यस्तो अवस्था आउने गर्छ । नेप्सेमा रहेको जलविद्युत समूहलाई उदाहरणका रूपमा लिएर लगानीकर्ताले किनबेच गर्ने व्यवहार हेर्न सकिन्छ। जलविद्युत भनेको 'फिक्स्ड इनकम' जस्तै हो । एउटा आयोजनाको अवधि ३५ वर्ष हुन्छ । पाँच वर्ष निर्माणमा जान्छ । बाँकी ३० वर्ष भ्यालु खाने हो । यसको उत्पादन क्षमता र आम्दानी भनेको फिक्स छ । तर, पुँजीबजारमा जलविद्युत कम्पनीको सेयर कारोबार भएको मूल्यले त्यो विषयलाई संकेत नै गर्दैन । निर्माण नै नभएका जलविद्युत कम्पनीसमेत नेप्सेमा सूचीकृत छन् । यसले नेपाली धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ता सुरक्षित छैनन् भन्ने बुझिन्छ। धितोपत्र बजारमा इक्विटीको मात्र कारोबार हुने गरेको छ। सरकारको नेतृत्व गर्ने व्यक्तिका कमजोरीका कारण धितोपत्र बजारमा विविधता आउन नसकेको हो। सरकारले शिक्षा, स्वास्थ्य र पूर्वाधारमा लगानी गर्नुपर्ने हो । नेतृत्वमा दुरगामी भिजन नहुँदा असर पुँजीबजारमा समेत देखिएको छ। शिक्षा र स्वास्थ्यले क्षमतावान जनशक्ति दिन्छ । पूर्वाधारले औद्योगिक वातावरणको विकास हुन्छ। त्यसले धितोपत्र बजारमा पनि विविधिकरण ल्याउने तथा डेब्ट मार्केटको समेत विकास गर्न सकिन्छ। त्यसका साथै नेतृत्व समयअनुसार चल्ने हो भने पनि धेरै समस्या समाधान भएर

बाँकी पृष्ठ ६ मा

फिचर

# चीनमा किन सुरु भयो विवाहको न्यूनतम उमेर घटाउने बहस ?

*कम्युनिष्ट पार्टीका नेता सी जिनपिङको नेतृत्वमा मानिसहरू बच्चा जन्माउन नचाहने हुनु एक राजनीतिक र सामाजिक परिवर्तनसँग जोडिएको समस्या हो*

एक प्रख्यात चिनियाँ अर्थशास्त्रीले देशमा घट्दो जन्मदरलाई बढाउनका लागि विवाह गर्न सक्ने पाउने न्यूनतम उमेर घटाउन सरकारलाई आग्रह गरेका छन्।

चिनियाँ सामाजिक सञ्जाल उइबोमा ठूलो संख्यामा 'फलोअर्स' भएका अर्थशास्त्री रेन जेपिङले यो आग्रह गरेका हुन्। यो कदमले जनसङ्ख्या वृद्धिलाई रोक्नको लागि ढिलो विवाह गर्ने र ढिलो सन्तान जन्माउनेलाई प्रोत्साहन गर्ने मानिसहरूको सोचाइ परिवर्तन गर्ने उनले बताए।

'विवाहको लागि कानुनी उमेर घटाउनु भनेको जनतालाई शक्ति फिर्ता गर्नु हो, उनीहरूलाई छनोट गर्ने अधिकार फिर्ता दिनु हो,' रेनले आफ्नो उइबो खाताको पोस्टमा लेखेका छन्। उनले महिलाहरूको न्यूनतम उमेर २० बाट १८ मा झार्न र पुरुषहरूको लागि न्यूनतम उमेर २२ गर्न सुझाव दिएका छन्।

'मानिसहरूले स्वतन्त्र रूपमा छनौट गर्न सक्षम हुनुपर्दछ। अठार वर्षको उमेरमा उनीहरूलाई विवाह गर्न बाध्य पार्नु आवश्यक छैन,' उनले लेखे, कानुनी उमेर घटाएमा अधिकारीहरूले मानिसहरूलाई पहिले विवाह गर्न दबाब दिन थाल्छन् भन्ने डर लिनु हुदैन उसको तर्क छ।

चिनमा १९८० र २०१५ बीचको 'एक-बच्चा नीति' को समयमा व्यापक रूपमा जबरजस्ती गर्भपतन / जबरजस्ती नसबन्दी गरिएको थियो। यो नीतिको कडा कार्यान्वयनबाट जन्म कोटाको प्रयोग गर्दा धेरैलाई चिन्तित बनाएको थियो। यस्तै दमनकारी उपायहरूले थप जन्महरूलाई 'उत्साहित' गर्न सकेन / अहिले जनसंख्या घट्दै गएको छ।

त्यो नीति देशको जनसंख्या वृद्धिलाई सुस्त बनाउन र आर्थिक विकासलाई व्यवस्थित गर्ने प्रयास थियो । यद्यपि सरकारले २०२१ मा दम्पतीहरूले तीनवटा बच्चाहरू जन्माउन सक्ने बताएको थियो।

विवाह दर तीव्र गतिमा घट्दै गएको छ। गत वर्षको ८.१४ मिलियन विवाहको तुलनामा २०२१ मा लगभग ७.६४ मिलियन विवाह दर्ता भएका छन्।

रेनका अनुसार पछिल्लो दशकमा चीनमा गर्भपतन पछि लिङ्ग असन्तुलन, परिवार हुर्काउनको लागि उच्च लागत र विवाह कस्तो हुनुपर्छ भन्ने कुराको परिवर्तनले यो प्रवृत्तिलाई चलाइरहेको छ । रेनले घरलाई सहयोग गर्न र युवा परिवारहरूलाई सहयोग गर्न अनुदानको लागि आह्वान गरेका छन् ।यस्तै धर्मपुत्र ग्रहण गर्ने र एकल महिलालाई बच्चा जन्माउने अनुमति दिने सम्बन्धमा थप सहज नियमहरू आवश्यक रहेको उनले बताएका छन्।

चीनको राष्ट्रिय तथ्याङ्क ब्यूरोले प्रकाशित गरेको तथ्याङ्क अनुसार चीनको जनसङ्ख्या ६० वर्षमा पहिलो पटक गत वर्ष घटेको छ। जसमा ९.५६ मिलियन शिशु जन्मेका छन् भने १०.४१ मिलियन मृत्यु भएको छ।

सन् १९६१ पछि यो पहिलो गिरावट थियो। माओ त्सेतुङको 'ग्रेट लीप फर्वार्ड' को समयमा असफल आर्थिक नीतिहरूले ल्याएको अनिकालको सो अन्तिम वर्ष थियो। चीनलाई कृषिप्रधान समाजबाट एक औद्योगिक समाजमा रूपान्तरण गर्ने 'ग्रेट लीप फर्वार्ड' अभियान जुन विपत्तिमा समाप्त भयो।

यो पक्कै पनि राम्रो विचार होइन,' पूर्व हाईस्कूल शिक्षक गुओ जियानले भने-कम उमेरका किशोर हरूलाई पनि विवाह गर्न अनुमति दिनु गल्ती हुनेछ किनभने तिनीहरू त्यो उमेरमा पर्याप्त परिपक्व हुँदैनन।

वर्तमान मामिलाका टिप्पणीकार फाङ युआनले भने कि रेनले वास्तविक जीवनका कथाहरूबाट प्रेरित नभई जनसंख्याको समस्यालाई मात्र मुख्य रूपमा आर्थिक सोचबाट हेरेको देखिन्छ ।'यो देश चलाउनका लागि मानिसहरूलाई औजारको रूपमा हेर्ने सोच हो' फाङले भने।

> “'मानिसहरूमा बच्चाहरू पाउने पर्याप्त विश्वास छैन, किनकि चीनमा उनीहरूका लागि उज्ज्वल भविष्य हुनेछ भनेर कल्पना गर्न गाह्रो छ,'

गत वर्षको जनसङ्ख्याको तथ्याङ्क प्रकाशित भएदेखि धेरै प्रान्त र सहरहरूले घट्दो जन्मदरलाई पछ्याउँदै आएका छन् । दक्षिणपश्चिमी महानगर चोङकिङले गत वर्ष ३१ मिलियन जनसङ्ख्यामा २,००,००० भन्दा कम नयाँ जन्मको रिपोर्ट गरेको छ, र अन्य धेरै सहर र प्रान्तहरूले घटेको रिपोर्टिङ गरेका छन्। तिनीहरूको जन्म दरमा लगभग १० प्रतिशत छ।

स्वास्थ्य अधिकार कार्यकर्ता लु जुन, जो अहिले न्यूयोर्कमा बस्छन्, उनले भने, कम्युनिष्ट पार्टीका नेता सी जिनपिङको नेतृत्वमा मानिसहरू बच्चा जन्माउन नचाहने हुनु एक राजनीतिक र सामाजिक परिवर्तनसँग जोडिएको समस्या हो।

'मानिसहरूमा बच्चाहरू पाउने पर्याप्त विश्वास छैन, किनकि चीनमा उनीहरूका लागि उज्ज्वल भविष्य हुनेछ भनेर कल्पना गर्न गाह्रो छ,' लुले भने।

लूले भने - मध्यमवर्गीय धेरै युवा चिनियाँहरूले आफ्नो परिवारलाई विदेशमा राम्रो जीवन दिनको लागि देश छाडिरहेका छन्, जसले जन्मदरमा पनि प्रभाव पारेको छ।

अर्थशास्त्री जिन शानले आजको चीनमा पनि आर्थिक समृद्धिको आशा कमै रहेको बताए । 'आर्थिक विकास, आन्तरिक सुधार र बाहिरी संसारका लागि खुलापन विगतको कुरा भइसकेको छ,' जिनले भने। 'हालका वर्षहरूमा राज्यले शक्तिको सुदृढीकरणमा धेरै ध्यान दिइएको छ।'

(रेडियो फ्रि एसियाको वेभसाइटमा प्रकाशित संवादाताहरु चेन जि फी र ग्वो फाङको रिपोर्टमा आधारित)

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# 'ऊर्जा क्षेत्रमा लगानीका नयाँ स्रोत खोज्न आवश्यक'



काठमाडौँ, १६ फागुन
नेपालको ऊर्जा क्षेत्र विकासका लागि लगानीका नयाँ स्रोत खोजिनुपर्ने आवश्यकता सरोकारवालाले औँल्याएको छन् । अमेरिकी सहयोग नियोग (युएसएड) ऊर्जा नेपाल कार्यक्रमले आज काठमाडौँमा आयोजना गरेको 'नेपालको ऊर्जा क्षेत्रका लागि वित्तपोषण' विषयक कार्यशालाका वक्ताहरूले नेपालको ऊर्जा क्षेत्रमा अहिले भइरहेका लगानीका स्रोत मात्र पर्याप्त नरहेकाले नयाँ स्रोतका लागि पहल गर्नुपर्ने धारणा राखे ।
नेपालको दीर्घकालीन ऊर्जा सुरक्षाका लागि ठूलो लगानी आवश्यक रहेकाले लगानीका स्रोतहरूमा विविधिकरण खोजिनुपर्ने यस क्षेत्रका जानकारको धारणा छ । कार्यशालामा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालको जलविद्युत् क्षेत्रमा उत्पादन, प्रसारण र वितरण तीनवटै क्षेत्रमा लगानी आवश्यक रहेको बताए । त्यसका लागि विद्युत् प्राधिकरणले पूँजी लगानी योजना (क्यापिटल इन्भेस्टमेन्ट प्लान) बनाउन लागेको उनको भनाइ छ । "दीर्घकालीन योजनासहितको क्यापिटल इन्टेस्टमेन्ट प्लान तयार भइरहेको छ । यसले उत्पादन, प्रसारण, वितरणलगायतका क्षेत्रमा हामीलाई चाहिने लगानीको आवश्यकता कति हो भन्ने अध्ययन गरेको छ ।", घिसिङले भने । उत्पादनतर्फ माथिल्लो अरुण, दूधकोसी, अरुण-४, तामाकोसी-५, चैनपुर सेती, मोदीखोलालगायत जलविद्युत् आयोजना निर्माणका लागि तयारी अवस्थामा रहेको बताउदै कार्यकारी निर्देशक घिसिङले ती आयोजनामा लगानी जुटाउनु चुनौती रहेको बताए ।
त्यस्तै प्रसारण आयोजना र वितरण प्रणाली सुदृढीकरणका लागि पनि लगानी चाहिने उनको भनाइ छ । विद्युत् प्रसारणतर्फ पूर्व-पश्चिम जोड्नेगरी चार सय किलोभोल्ट (केभी) क्षमताका दुईवटा आयोजना, भारतसँग जोड्ने तीनवटा अन्तरदेशीय प्रशारणलाइन र चीनसँग जोड्ने एउटा अन्तरदेशीय प्रशारणलाइन निर्माणका लागि प्राधिकरणले पहल थालिसकेको उहाँले जानकारी दिनुभयो ।
प्राधिकरणले अघि सारेका स्मार्ट मिटरिङ आयोजना र ग्रीन हाइड्रोजन कार्यक्रमका लागि पनि वित्तीय स्रोत आवश्यक रहेको घिसिङले बताए । नेपाल सन् २०२६ सम्ममा सुख्यायाममा पनि बिजुलीमा आत्मनिर्भर हुने उनको भनाइ छ । "हामी सन् २०२६-२०२७ सम्म बिजुलीमा आत्मनिर्भर हुन्छौँ । त्यो बेला नेपालले वर्षायाममा करिब रू एक खर्ब बराबरको १४ करोड युनिट बिजुली बिक्री गर्ने हाम्रो अनुमान छ ।" घिसिङले भने । काठमाडौँ उपत्यकालगायत मुख्य सहरी क्षेत्रको वितरण प्रणाली सुदृढीकरणका लागि पनि लगानी आश्यक रहेको उनले बताए ।
सन् २०५० सम्ममा काठमाडौ उपत्यकामा मात्र तीन हजार दुई सय मेगावाट बराबर बिजुली खपत हुने अनुमान गरिएकाले त्यसका लागि संरचना तयार पार्न आवश्यक रहेको उनको भनाइ छ । "अहिले काठमाडौँ उपत्यकाको वितरण प्रणालीले करिब पाँच सय मेगावाट बिजुली मात्रै आपूर्ति गर्न सक्छ ।
तर सन् २०५० सम्ममा उपत्यकाको विद्युत् माग तीन हजार दुई सय मेगावाटसम्म पुग्ने अनुमान प्राधिकरणको छ । त्यसका लागि संरचना तयार पार्ने काम प्राधिकरणले सुरु गरिसेको छ ।" उनले भने । काठमाडौँ उपत्यकाको वरिपरि दुई सय २० केभी क्षमताको प्रशासरण लाइन निर्माण गर्ने, उपत्यकाभित्रको सबै एक सय ३२ केभी प्रशारण लाइनलाई भूमिगत गर्ने र उपत्यकाभित्र थप २० वटा सवस्टेशन निर्माण गर्नेगरी प्राधिकरणले काम गरिरहेको उनले बताउनुभयो । त्यस्तै, देशभरका मुख्य सहरी क्षेत्रमा विद्युत् व्यवस्थापनको दीर्घकालीन कार्ययोजना तयार पारिएको पनि घिसिङको भनाइ छ । सोही कार्यक्रममा युएसएडका ऊर्जा विशेषज्ञ शङ्कर खागीले नेपाल ऊर्जा क्षेत्रमा आत्मनिर्भर हुनका लागि थप लगानी आवश्यक रहेकाले त्यसका लागि लगानीको स्रोत खोजिनुपर्ने बताए। "हामीले हरेक वर्ष ऊर्जा उत्पादन बढाइरहेका छौँ। वर्षात्को समय विद्युत् बेच्न सक्ने अवस्था अहिले रहे पनि सुख्खा मौसममा आयात नै गर्नुपरेको छ । यस्तो अवस्थामा ऊर्जा सुरक्षाका लागि चाहिने आवश्यक लगानीको स्रोत जोहो कहाँबाट गर्न सकिन्छ भन्ने विषय महत्वपूर्ण छ।" उनले भने ।
युएसएड ऊर्जा नेपाल कार्यक्रमका ऊर्जा तथा वित्तीय क्षेत्र विशेषज्ञ सतिश जोशीले नेपालको ऊर्जा क्षेत्रमा ठूलो लगानी आवश्यकता रहेपनि त्यसका लागि स्रोत जुटाउन निकै चुनौतीपूर्ण रहेको बताए । लगानी जुटाउन प्रयोग भइरहेका विद्यमान स्रोतबाहेक अरु स्रोत खोज्नतर्फ लाग्नुपर्ने उनको भनाइ छ।
"ऊर्जा क्षेत्रमा आवश्यकताअनुसार लगानी जुटाउन नसकेको (इन्भेस्टमेन्ट ग्याप) अवस्था छ। कुन क्षेत्रमा कति लगानी आवश्यक छ र त्यसका लागि कहाँबाट लगानी जुटाउने भन्ने अहिलेको मुख्य विषय हो ।", जोशीले भने । प्राधिकरणले अहिले मुख्यगरी तीनवटा क्षेत्रबाट लगानीको स्रोत जुटाइरहेकोमा त्यस बाहेक अरु क्षेत्रबाट पनि लगानी उठाउन सकिने उनको भनाइ छ। "विद्युत् प्राधिकरणले अहिले मुख्यगरी आफ्नो नाफाबाट, सरकारले गर्ने लगानी र ऋण लिएर लगानी गरिरहेको छ । यसबाहेक अरु क्षेत्रबाट पनि लगानी जुटाउन सकिन्छ । विद्युत् प्राधिकरणको सार्वजनिक निष्कासनमार्फत् शेयर जारी गर्ने, बैंक तथा वित्तीय संस्थाबाट इनर्जी बण्ड तथा ग्रीन जारी गर्न गर्ने र निजी क्षेत्रबाट पनि लगानी बढाउन सकिन्छ। ग्रीन ट्याक्सोनोमीको अवधारणाभित्र रहेर पनि लगानी जुटाउन सकिन्छ ।" उनले भने ।रासस

# नेप्से परिसूचकमा झिनो अंकको गिरावट



काठमाडौँ, १६ फागुन
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक तीन दशमलव ८१ अङ्कले ओरालो लागेर दुई हजार १९ दशमलव ७३ मा सीमित भएको छ।
यस्तै, ठूला कम्पनीको शेयर कारोबार गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव शून्य ८ अङ्कले ओरालो लागेर तीन सय ८१ दशमलव ९३ मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहको शेयरमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ।
कारोबार भएकामध्ये ८८ कम्पनीको शेयर मूल्यमा वृद्धि हुँदा एक सय १८ कम्पनीको भने ओरालो लागेको छ। यस्तै, १० उपसमूहको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन। कूल ३९ लाख ४६ हजार २४ कित्ता शेयर रु एक अर्ब ३८ करोड ७८ लाख ६५ हजार पाँच सय १५ मूल्यमा खरिद बिक्री भएको छ।
कारोबारका आधारमा युनिभर्सल पावर शीर्ष स्थानमा रहेको छ।
सो कम्पनीको रु सात करोड ५५ लाख ११ हजार पाँच सय ८४ बराबरको कारोबार भयो। यस्तै, शिवम् सिमेन्ट रु छ करोड ५० लाख ६९ हजार नौ सय ८९, सानिमा माई हाइड्रोपावर रु छ करोड ४६ लाख १३ हजार नौ सय ७७, नेपाल पूर्वाधार बैंक रु तीन करोड ७६ लाख २४ हजार पाँच सय ७६ र हिमालयन डिस्टिलरी रु तीन करोड ४४ लाख ६० हजार आठ सय १९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।
नेप्सेका अनुसार आँधीखोला लघुवित्त, आर्दश लघुवित्त र खप्तड लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।
यस्तै, सिद्धार्थ इन्स्योरेन्स छ दशमलव १४, सपोर्ट माइक्रोफाइनान्सका लगानीकर्ताले पाँच दशमलव ७६ प्रतिशतले कमाएका छन् । त्यस्तै, प्रिमियर इन्स्योरेन्स तीन दशमलव ८५, राप्ती हाइड्रो तीन दशमलव ८४, सामलिङ पावर तीन दशमलव ७९, तारागाँउ रिजेन्सी होटल तीन दशमलव ७८, स्वाभिमान लघुवित्तका लगानीकर्ताले तीन दशमलव २९ प्रतिशतले गुमाएका छन् ।रासस

# अति विपन्न परिवारका बेरोजगारलाई रोजगारी




कञ्चनपुर, १६ फागुन
शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीकी माया दमाईं चार दिनअघि देखि सडक खन्ने कार्यमा लागेका छन्। आर्थिक विपन्नताका कारण परिवारको खर्च धान्न निकै असहज भएका बेला प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत नगरपालिकाबाट उनले सय दिन बराबरको रोजगारी पाएका छन्।
बेरोजगारको सूचीमा सूचीकृत भएपछि दमाईंले रोजगारी पाएका हुन। घरबासका लागि मात्रै जग्गा भएकी दमाईं परिवारको आर्थिक अवस्था दयनीय रहेको छ । झोपडीमा बस्दै आएकी दमाईंले रोजगारी पाउँदा दङ्ग छन् । "रोजगारी नपाउँदा घरमै बस्नु परेको थियो", उनले भने , "नगरपालिकाबाट केही दिनका लागि भए पनि रोजगारी पाउँदा खुसी छु,, सडक खन्दा आउने पारिश्रमिकले परिवारका लागि खाद्यान्नको जोहो गर्न सकिने भएको छ।"
दमाईं जस्तै सरुपादेवी रानाले पनि सोही कार्यक्रमअन्तर्गत मजदुरीको कार्य गर्दै आएका छन्।
काम गरेबापत पाइने रकमले बालबालिकाको विद्यालय खर्च धान्न सकिने रानाले बताए। दमाईं र राना जस्तै वडा नं १२ का सातजना महिलालाई रोजगारीमा आबद्ध गराइएको छ। आर्थिक रुपमा अति विपन्न परिवारका महिला र एकल महिलालाई प्राथमिकतामा राखेर रोजगारीमा संलग्न गराइएको वडाध्यक्ष नवल सिंह रानाले बताए।
प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत भएका ८९ जना बेरोजगारलाई चालू आवमा नगरपालिकाले रोजगारी उपलब्ध गराउने लक्ष्य लिएको छ । जसमध्ये ४५ जना नै रोजगारीमा संलग्न गराइएको छ । अन्यलाई केही दिनभित्रै नगरपालिकाले रोजगारी दिने तयारी गरेको छ। आव २०७९/८० मा नगरपालिकामा बेरोजगारको सूचीमा सात सय २५ जना बेरोजगार सूचीकृत भएका छन्। आन्तरिक रोजगारी सृजना गरी १८ वर्षदेखि ५९ उमेर समूहका बेरोजगारलाई न्यूनतम रोजगारी दिनका लागि विसं २०७५ साल फागुन १ गते प्रधानमन्त्री रोजगार कार्यक्रम घोषणा गरिएको थियो । नगरपालिकाले आव २०७५/७६ मा कार्यक्रमअन्तर्गत बेरोजगारको सूचीमा सूचीकृतमध्ये दुई सय तीनजनालाई ३० दिन बराबरको रोजगारी प्रदान गरेको थियो । "त्यसपछिका दुई वर्ष कोरोना महामारीका कारण कार्यक्रम सञ्चालन हुन सकेन", नगरपालिकाको रोजगार कार्यक्रमका संयोजक कृष्णप्रसाद भट्टले भने , "चालू आवमा पुनः कार्यक्रमलाई अगाडि बढाएका छौँ ।"
उनका अनुसार चालू आवमा वडा नं १, २, ३, ८, ११ र १२ गरी छवटा वडामा कार्यक्रम सञ्चालन गरिएको छ। वडा नं १ मा छ, वडा नं ८ मा ११ र अन्य वडामा सातजनाका दरले सय दिनको रोजगारी उपलब्ध गराइएको छ। वडा नं ४, ५, ६, ७, ९ र १० मा केही दिनभित्रै कार्यक्रम सञ्चालनको तयारी गरिएको छ।
कार्यक्रम सञ्चालन भएका वडामा सडको नयाँ ट्र्याक खोल्ने, ड्रेन (नाली) निर्माण गर्ने र पर्यटकीय पदमार्ग निर्माण गर्ने कार्य भइरहेको छ। "एक दिन काम गरेबापत लाभग्राहीलाई रु पाँच सय ७१ का दरले पारिश्रमिक बापतको रकम उपलब्ध गराउँछौँ", रोजगार संयोजक भट्टले भने , "कार्यक्रममा आबद्ध रोजगारीमा संलग्न लाभग्राहीको दुर्घटना बीमासमेत गरिएको छ।" रोजगारीमा संलग्नहरुको पारिश्रमिक नगरपालिकाले बैंकिङ प्रणालीमार्फत भुक्तानी दिने व्यवस्था गरेको छ।कार्यक्रम सञ्चालन भइरहेका वडामा रु तीन लाखदेखि चारसम्मका आयोजनाहरू सञ्चालन भइरहेको उनले बताए । कार्यक्रम सञ्चालनका लागि चालू आवमा रु ४९ लाख बजेट ससर्त अनुदानका रुपमा नगरपालिकाले प्राप्त गरेको छ।
एकल महिला, दलित र शहीद परिवारसँगै न्यूनतम आय भएका, वर्षभरि खान नपुग्ने, दैनिक जीविकोपार्जन गर्न मुस्किल भएका, आम्दानीका स्रोत नभएका बेरोजगार व्यक्तिहरुलाई कार्यक्रममा समावेश गरिएको छ । आगामी आव २०८०/८१ का लागि फागुन १ गतेदेखि मसान्तसम्म बेरोजगारहरुका लागि सूचीकृत हुनका लागि नगरपालिकाले कार्यक्रम अगाडि बढाएको छ।
सूचीकृत भएकालाई मात्रै कार्यक्रममा समावेश गरी रोजगारी उपलब्ध गराइने गरिएको छ ।रासस

# ६ महिनामा रु सात करोडको तरकारी आयात



महेन्द्रनगर, १६ फागुन
कञ्चनपुरको गड्डाचौकी नाकाबाट ६ महिनामा रु सात करोड भन्दा बढीको तरकारी आयात भएको छ। कञ्चनपुरका बितेका वर्षमा तरकारी खेतीप्रति किसानको आकर्षण बढिरहेको भए पनि यहाँ तरकारी भारतबाट आउने क्रम रोकिएको छैन्।
कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीले दिएको जानकारी अनुसार चालु आर्थिक वर्षको साउनदेखि गत पुससम्म यहाँबाट रु सात करोड ६५ लाख ४४ हजारको तरकारी आयात गरिएको छ । कञ्चनपुर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत ध्रव विकले चालु आर्थिक वर्षको हालसम्म रु ८० करोडको सामान आयात भएको जानकारी दिए।
"गत वर्ष एक अर्ब १२ करोडको सामान यहाँबाट भित्रिएको थियो", उनले भने , " अहिले आयात घटेको अवस्था छ ।" भन्सार कार्यालयका अनुसार यहाँबाट आलु, प्याज, गोलभेडा, काउली, मुला, गाजर लगायतका तरकारी आयात हुने गरेको छ।
कूल ६ महिनामा तीन हजार ४७ मेट्रिक टन तरकारी भारतबाट आयात भएको भन्सारको तथ्याङ्कले देखाएको छ । त्यसैगरी भन्सारबाट रु तीन करोड ३० लाखको दाल भारतबाट भित्रिएको छ। यहाँबाट मसुर, मास, मटर, चना लगायतको दाल आयात भएको छ । कञ्चनपुर भन्सार कार्यालयका कम्प्युटर अपरेटर भुषण गिरीले यहाँबाट चालु आर्थिक वर्षको ६ महिनामा रु तीन करोड ६८ लाखको फलफूल गड्डाचौकीबाट भित्रिएको छ।
गिरीका अनुसार यहाँबाट सबैभन्दा बढी केरा, मेवा, अङ्गुर, स्याउ, सुन्तला र अनार लगायतको फलफुल भारतबाट आयात हुँदै आएको छ।
त्यसैगरी भारतबाट चामल, दाल लगायतका खाद्यान्नसमेत आयात हुने गर्छ। यहाँबाट रु एक करोड ७८ लाख बराबरको उक्त खाद्य सामग्री भित्रिएको छ।
कञ्चनपुर मण्डी व्यवसायी सङ्घका अध्यक्ष विशाल सोनारले भारतबाट तरकारी आयात घटेको बताए । " स्थानीय उत्पादनका कुनै समस्या देखिएन भने आयात घट्छ", अध्यक्ष सोनारले भने , " उत्पादन बढ्दा आयातमा कमी आउँछ।"
स्वदेशमै तरकारी खेती बढिरेहको भए पनि व्यावसायिक रुपमा आवद्ध किसानलाई सरकारले अनुदान सहयोग बढाउनुपर्ने बताए।
"दश/ पन्ध्र वर्ष पहिले तरकारीमा हामी ८० प्रतिशत आश्रित थियौँ", उनले भने , "अहिले दश/पन्ध प्रतिशत मात्रै आयात हुन्छ की भन्ने छ।"रासस

# बैंक तथा वित्तीय संस्थामा देखिएका समस्या समाधानको माग

काठमाडौँ, १६ फागुन
अहिले बैंक तथा वित्तीय संस्थामा देखिएका समस्या समाधानका लागि पहल गर्न राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाऊ महाभियानले सरकारसँग आग्रह गरेको छ।
अहिले बैंक तथा वित्तीय संस्थाका ऋणी कर्जा तिर्न सक्ने अवस्थामा नरहेकाले नियामक र सरकारबाट यसको उचित व्यवस्थापनका लागि महाभियानले माग गरेको हो । बैंक तथा वित्तीय संस्थाले चर्को ब्याज असुल गर्ने गरेका कारण ऋणीहरु समस्यामा परेकाले ब्याजदर घटाइनुपर्ने माग छ।
"रु २० लाखभन्दा बढी ऋण चारदेखि पाँच प्रतिशत ब्याजदरमा दिनुपर्ने, निक्षेपको ब्याज छ प्रतिशतभन्दा बढी हुन नहुने, सरकारी सङ्घसंस्थाको पुँजी शून्य प्रतिशत ब्याजदरमा बैंकमा राख्नुपर्ने र धितो लिलाम गरिएका ऋणीको कर्जा पुनःसंरचना गरिनुपर्छ", महाभियानका संयोजक दुर्गा प्रसाईले भने। नेपालमै रोजगारको प्रत्याभूति गर्नुपर्ने माग पनि महाभियानले राखेको छ।
"उच्च शिक्षा हासिल गर्न विदेश जाने बाटो बन्द गरी नेपालमै थप विश्वविद्यालय खोली उच्च शिक्षा हासिल गर्न पाउने वातावरण मिलाउनुपर्ने, बेरोजगार युवालाई बिना धितो ऋण उपलब्ध गराउनुपर्छ", प्रसाईले भने। कार्यक्रममा नेपाल व्यापार सङ्घका अध्यक्ष हरि गौतमले भने , "वर्तमान समयमा व्यापार व्यवसायी चर्को ब्याजदरको मारमा छन् । ब्याजदर घटाउनु पर्छ । मुलुकमा व्यापार व्यवसायतर्फ आकर्षित युवालाई हतोत्साहित बनाउनु गलत हो ।"
महाभियान कुनै पार्टी र व्यक्ति विरोधी नभई नागरिकका वर्तमान समस्यालाई कदर गरी मुलुकभित्र शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर उपलब्ध गराई स्वदेशमै केही गरौँ भन्ने उद्देश्यले १५बुँदे मागसहित महाअभियान सञ्चालन गर्ने आयोजकले जनाएको छ ।रासस

# चार सहकारीका बचतकर्ताको पैसा फिर्ता गरिँदै

काठमाडौँ, १६ फागुन
सहकारी व्यवस्थापन समितिको कार्यालयले समस्याग्रस्त चार सहकारीका बचतकर्तालाई पैसा फिर्ता गर्न थालेको छ।
सरकारले समस्याग्रस्त घोषणा गरेका १२ सहकारीमध्ये चार सहकारीका बचतकर्तालाई बचत फिर्ता गर्न थालिएको समितिका सदस्य सचिवसमेत रहनुभएका कार्यालय प्रमुख केशवप्रसाद पौडेलले जानकारी दिनुभयो । समितिले स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका ११, प्यासिफिक सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडका आठ, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडका दुई र कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेडका तीन जनालाई बचत फिर्ता गरेको हो।
स्टाण्डर्ड मल्टिपर्पोज कोअपरेटिभका बचतकर्ताको सबै बचत यसअघि नै फिर्ता गरिएको समितिले जनाएको छ। सरकारले समस्याग्रस्त घोषणा गरेकामा ओरेण्टल कोअपरेटिभ लिमिटेड, स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कन्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड र लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन्।
यसैगरी प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड, कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहेका छन् । सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम १२ सहकारीलाई सरकारले समस्याग्रस्त घोषणा गरेको हो । समस्याग्रस्त सहकारीको व्यवस्थापनको काम समितिले गर्ने व्यवस्था पनि ऐनमा गरिएको छ । यही व्यवस्थाअनुसार सबै सहकारीका बचतकर्ताको पैसा फिर्ता गरिने बताइएको छ।
रासस

# ‘प्रादेशिक अस्पतालको स्वामित्व फेरिँदा पनि सुधार सुस्त’

जनकपुरधाम, १६ फागुन
तत्कालीन प्रादेशिक अस्पताललाई मधेश प्रदेश सरकारको महत्वपूर्ण गौरबको आयोजना मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत ल्याउँदा यहाँकोस्वरुप र शैली नै फेरिने अपेक्षा थियो । तर बनिबनाउ अस्पताललाई प्रतिष्ठान मातहत ल्याएको एक वर्ष हुनलाग्दा पनि अस्पतालको सुधार भने सुस्त छ । सरकार ीस्तरबाट गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्थानीय निजी अस्पताल, सीमावर्ती भारतीय बजार र देशका अरु अस्पताल धाउनुपर्ने यहाँका नागरिकले अहिले पनि ती समस्याबाट मुक्ति पाएका छैनन् । यी समस्या र नागरिक अपेक्षाबारे प्रतिष्ठान व्यवस्थापन पक्ष पनि बेखबर छैन । “जनअपेक्षा धेरै छन्, हाम्रा सीमितता र कठिनाई पनि छन्, तर यति भनेर उम्किन पाउँदैनौ”, अस्पतालका उपकूलपति प्राडा रामकेवल शाह भन्छन्, “हाम्रो पहिचान नै प्रादेशिक अस्पतालबाट प्रदान गर्ने गुणस्तरीय सेवा नै हो । त्यसैले हामी त्यसको सुधार योजनासहित अगाडि बढाइरहेका छौँ ।”तत्कालीन जनकपुर अञ्चल अस्पताल प्रदेश सरकार आएसँगै २०७६ असोजमा प्रादेशिक अस्पतालमा रुपान्तरण भयो ।

सो प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लैजाने सन्दर्भमा तत्कालीन सामाजिक विकासमन्त्री नवलकिशोर साहले भनेका थिए,“नाम मात्र फेर्न लागेका छैनौं, प्रादेशिक अस्पतालको आवश्यकतानुसार विकसित गर्दै जानेछौं ।” त्यसको एकाध वर्ष नवित्दै २०७७ चैत ६ गते प्रादेशिक अस्पताललाई प्रतिष्ठानको स्वामित्वमा ल्याइयो । तर नागरिक गुनासो भने उस्तै छ ।

छोरीको उपचारका लागि प्रादेशिक अस्पतालपुगेकाजनकपुरधाम–१३ का अभिराम साहले अस्पतालमा सामान्य परीक्षण हुने तर थप उपचार गर्न निजी अस्पताल धाउनुपर्ने अवस्था कायमै रहेको दुःखेसो पोखे । उनको दुःखेसो थियो,“हामीले निजी अस्पतालमा महँगो शुल्क तिरेर उपचार गर्नुपर्ने अवस्था कायमै छ ।”जनकपुरधाम-८ का ब्रह्मदेव शर्माले पनि सरकारी अस्पतालमै सर्वसुलभ र गुणस्तरीय उपचार गर्ने नागरिक चाहना अहिले पनि पूरा हुन नसकेको बताउनुभयो । “हुनेखानेले अस्पतालको वातावरण देखेरै यहाँ उपचार गराउँदैनन्, हामी न्यूनआय भएका नागरिक यहाँ आउँदा धेरै समस्या छन”, शर्माले भने ,“यो अवस्था कहिलेसम्म रहला खैं ! जो आए पनि समस्या हट्दैनन् ।”

जनकपुरधाम-८ बाल्मिकी नगरकै अनिल शर्माले प्रादेशिक अस्पताल प्रतिष्ठान मातहतमा लिइएपछि पहिलो पटक अस्पताल गएकामा कुनै परिवर्तनको आभाष नभएको बताए । “अस्पताल संरचना, फोहर, बिरामीसँग गरिने व्यवहार पनि उस्तै छ, एक पटक यहाँ आएपछि फेरि फर्किन नपाएहुन्थ्यो भन्ने अवस्था कायमै छ। सुधारका लागि अझै कति पर्खिनुपर्ने हो”, उनको भनाइ थियो । नागरिकले मात्रै होइन, स्वास्थ्य क्षेत्रका जानकार पनि नाम र स्वामित्व फेरिदैमा अहिलेकै अवस्थामा समस्या समाधान नहुने बताउँछन । जनकपुर साहित्य महोत्सव उद्घाटनसत्रमा पूर्व राष्ट्रपति डा रामवरण यादवले भनेका थिए ,“प्रादेशिक अस्पतालमा सुधार हुनसकेन ।

फोहरको अवस्था पहिले र अहिले पनि उस्तै छ । यस्ता कुरामा व्यवस्थापनले कहिले ध्यान दिने ? मुख्य सडकमात्रै राम्रो भएर हुन्छ ?” उनले नागरिकको स्वास्थ्यसँग जोडिएको प्रादेशिक अस्पतालको सुधारमा सबैले ध्यान दिनुपर्ने बताएका थिए ।

चिकित्सक डा विजयकुमार सिंहले प्रादेशिक अस्पताल प्रदेश सरकारको महत्वपूर्ण गौरब आयोजनाअन्तर्गत जानु सुखद भए पनि प्राथमिकताका साथ यसको सुधारमा नलागे नाम र स्वामित्व फेरिँदैमा समस्या समाधान नहुने बताए । “कानुनमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र शैक्षिक गतिविधि भनिएको छ तर प्राथमिकता कुन हो ?”, उनले प्रश्न गरे ,“नागरिकका लागि त प्रादेशिक अस्पतालबाट प्रवाह हुने सेवाप्रवाह र त्यसको सुलभता नै प्राथमिक सरोकारको विषय हो ।”डा सिंह पनि प्रादेशिक अस्पताल र प्रतिष्ठानको अभ्यास, आवश्यकता, प्राथमिकता र सीमा नै फरक हुने भएकाले यी दुबै संस्था फरक अस्तित्वमा हुँदा थप प्रभावकारी हुने धारणा राख्छन । उहाँले पुरानो संस्था, कार्यशैली र संस्कारलाई प्रतिष्ठानको कार्यशैली, सेवाको प्रकृति र संरचनागत व्यवहारमा रुपान्तरण गर्न अझ बढी कठिनाइ हुने भएकाले यसमा गम्भीरतापूर्वक सोच्नुपर्ने बताए ।

डा रामनरेश पण्डितले पनि लाखौं नागरिकको दैनिक स्वास्थ्यसँग जोडिएका समस्या समाधानमा नै प्रतिष्ठानको भविष्य जोडिएकाले जनताले अनुभूत गर्ने गरी काम गर्नुपर्ने चुनौती रहेको बताए । “प्रतिष्ठानको शैक्षिक गतिविधिबाट पर्ने प्रभाव र लिने लाभको लेखाजोखा भविष्यमा होला, तर प्रादेशिक अस्पतालको सुधार नागरिकले तत्काल महसुस गर्ने विषय हो”, डा पण्डितले भने ,“ऐन, कानुनमा मात्रै नभइ व्यवहारमै फरक छुट्याउनुपर्ने थियो । अस्पताल प्रतिष्ठान मातहत आइसकेकाले यसलाई अवसरको रुपमा उपयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जरुरी छ।” करिब ६० लाख जनसङ्ख्या भएको मधेश प्रदेशको यो प्रादेशिक अस्पताल अहिले दुई सय शय्यामा चलिरहेको छ । यहाँ दैनिक पाँच सयदेखि सात सय नागरिक स्वास्थ्य सेवाका लागि आउँछन् ।

नेपाल सरकारको कूल दरबन्दी एक सय ४० मा ८० र विकास समितितर्फको एकसय ८८ कूल दरबन्दीमध्ये दुई सय १५ जना अस्पतालमा सेवारत छन् । गत असोजमा प्रतिष्ठानले थप ७८ जना भर्ना गरेको छ । यो संख्या हेर्दा चिकित्सक तथा कर्मचारीको धेरै समस्या देखिँदैन । प्रतिष्ठानका अस्पताल निर्देशक डा प्रमोदकुमार यादव भन्छन, “कर्मचारीभन्दा पूर्वाधार, प्रविधि र व्यवस्थापन नै प्रादेशिक अस्पतालको मुख्य समस्या हुन् ।” डा यादवले पनि अति विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्ने प्रतिष्ठान र प्राथमिक सेवासमेत दिने दायित्व भएको प्रादेशिक अस्पताल एउटै छातामा भएकाले केही अन्योलता रहेको बताए । “भौतिक संरचनामा सुधार हुन समय लाग्ला तर कार्यप्रकृतिमा एकरुपता आउन सकेन । आधार भूत, अति विशिष्टिकृत सेवा र शैक्षिक गतिविधि एकै ठाउँबाट दिने कुराले यस्तो भएको हो”, अस्पताल निर्देशक डा यादवले भने,“कर्मचारीमा पनि अन्योलता छ, उत्साह बढ्न सकेको छैन । त्यसैले परिणाम पनि सोचेअनुरुप आइरहेको छैन ।”

प्रतिष्ठानका उपकुलपति प्रा डा साह पनि प्रादेशिक अस्पतालमा विद्यमान फितलो व्यवस्थापनलाई चुस्त बनाउँदै प्रभावकारी सेवाप्रवाह गर्ने चुनौती रहेको बताउँछन् ।

“हाल कर्मचारीभन्दा सुविधा सम्पन्न संरचना निर्माण र व्यावसायिक जनशक्तिको उपयोग नै मुख्य समस्याको रुपमा देखिएको छ”, प्रा डा साहले भने ,“वर्षौंसम्मको काम गर्ने परिपाटी, एउटा संरचनाबाट अर्को संरचनामा जाँदा अहिले यस्तो लागेको हो । हामी अब देखिने गरी सुधार्छौं ।”स्थापनाको दुई वर्षसमेत नपुगेको प्रतिष्ठान गर्दै, सिक्दै र सुधार्दै जानुपर्ने अवस्थामा छ ।

दश महिनाअघि अर्थात् २०७८ चैत ६ गते चलअचल सम्पत्तिसहित प्रादेशिक अस्पतालको स्वामित्व फेरिएसँगै अब यहाँको अवस्था पनि फेर्दै शिक्षण अस्पतालको रुपमा विकास गर्नुपर्ने अख्तियारी छ । प्रतिष्ठानले सोहीअनुसारको योजना अगाडि सारिसकेको जनाएको छ ।

उपकुलपति प्रा डा शाहले कम्तीमा सात सय शय्याको अस्पताल बनाउने र समग्र सुधारका लागि १२ देखि १५ अर्ब बजेट लाग्छ भनेर सरकारलाई प्रस्ताव गरेकामा दुई अर्ब बजेट सुनिश्चित भइसकेको जानकारी दिए ।

“हामीसँग देखाउने कुरा भनेकै यही अस्पताल छ, जबसम्म यो अस्पतालको सेवा सुविधासँग जनता सन्तुष्ट हुँदैनन्, तबसम्म अरु कामको अर्थ रहँदैन” प्रा डा साहको स्पष्टोक्ति छ,“त्यसैकारण हामीले सङ्गठन र व्यवस्थापन योजना बनाएर काम सुरु गरिसकेका छौँ । आवश्यक बजेटको बन्दोबस्तका लागि पनि पहल गरिरहेका छौँ ।”प्रतिष्ठानले शिक्षण अस्पतालको रुपमा विकास गर्न कार्डियल सेन्टर, क्यान्सर सेन्टर र आइ सेन्टर बनाउने योजना बनाइरहेको र त्यसका लागि जग्गाको बन्दोबस्त भइसकेको जनाएको छ । प्रतिष्ठान प्रशासन शाखा प्रमुख सन्तोषकुमार ठाकुरले जनकपुरधाम उपमहानगर–१३ मनिमण्डपमा १८ बिघा जग्गा उपभोग गर्ने गरी व्यवस्थापन भएको र त्यसको विकासपछि अहिलेका धेरै कठिनाइ सम्बोधन हुने बताए । स्वास्थ्य क्षेत्रका जानकार भने प्रादेशिक अस्पतालबाट प्रभावकारी स्वास्थ्य सेवाप्रवाहका लागि अहिलेको संरचनामै सुधारको आवश्यकता औंल्याउछन् । डा रामनरेश पण्डितले भने ,“ऐन, कानुनमा मात्रै नभइ व्यवहारमै फरक छुट्याउनुपर्ने थियो ।

यसमा गम्भीर बहस भएको देखिँदैन तर अस्पताल प्रतिष्ठान मातहत आइसकेकाले यसलाई अवसरको रुपमा उपयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जरुरी छ ।” प्रतिष्ठान पक्षले भने प्रादेशिक अस्पताल मातहतमा आइसकेपछि अब कहाँ रहने वा नरहने बहस टुङ्गिसकेकोले यही अवस्थामा सुधारको विकल्प नरहेको बताइरहेको छ ।रासस

## उपमेयरद्वारा नगरससभा बहिष्कार

आरके श्रीवास्तव
गरुडा,१६ फागुन । रौतहट जिल्लाको कटहरिया नगरपालिकाले मंगलवार नगर सभाको सातौं अधिवेशन सम्पन्न गरेको छ । सो नगरपालिकाको सभाहलमा भएको अधिवेशनको अध्यक्षता नगर प्रमुख अजय प्रकाश जयसवालले गरेका थिए। हिउँदे अधिवेशनमा कटहरिया नगरपालिकाले चालू आर्थिक वर्ष २०७९/८० का लागि विजियोजित बजेट र नीति तथा कार्यक्रमको प्रगति तथा छलफल, संशोधन, कार्यक्रमको समीक्षासँगै ऐन र कार्यविधि पारित लगायतका काम बारे छलफल गरिएको नगरप्रमुख जयसवालले बताए । चालू आर्थिक वर्षका लागि विनियोजित बजेटको समीक्षा गर्दै खर्च हेरफेर गरेर हिउँदे अधिवेशन सम्पन्न गरेको उनले बताए । विकासको अवस्था, बजेटको खर्च विवरण, राजस्व सङ्कलन, कार्यक्रमको उपलब्धि, गुनासा र समस्याका बारेमा छलफल गरिएको कटहरियानगरपालिकाकानि.प्रमुख प्रशासकिय अधिकृत रामप्रकाश साहले जानकारी दिए ।

सो अवसरमा कटहरिया वडा नम्बर ७ का वडा अध्यक्ष सहिद मिया,वडा नम्बर ८ का वडा अध्यक्ष समिश बिक्रम शाह,वडा नम्बर ९ का वडा अध्यक्ष रुपेश यादव, कार्यपालिका सदस्यहरु, वार्ड सदस्यहरु, कर्मचारीहरुको सहभागिता रहेको थियो ।

यता उपमेयर रिता देवी यादव सहित केही वडा अध्यक्षहरुले सातौं अधिवेशन बहिष्कार गरेका छन् । बजेट संशोधन नगरेको,कार्यपालिका बैठक समय नबसाएको,कार्यपालिका बैठक बस्नलाइ पटक पटक भन्दा पनि सुनवाइ नगरेको,करारका कर्मचारीहरु विवरण सार्वजनिक नगरेको भन्दै उनीहरुले बहिष्कार गरेका छन् । नगर सभाको सातौं अधिवेशन बहिष्कार गर्नेहरुमा वडा नम्बर १ का वडा अध्यक्ष भूपेन्द्र महतो कोइरी,वडा नम्बर २ का वडा अध्यक्ष हरेन्द्र साह,वडा नम्बर ३ का वडा अध्यक्ष श्यामाकान्त यादव,वडा नम्बर ४ का वडा अध्यक्ष चन्दन कुशवाहा,वडा नम्बर ६ का वडा अध्यक्ष जयराम चौधरी सहितका व्यक्तीहरु रहेका छन् । यता यस विषयमा नगर प्रमुख अजय प्रकाश जयसवाल सँग सोध्दा बजेटको बखेडा झिकी विरोध गरिरहेको बताए । स्थानिय सरकार सञ्चालन ऐनको निति,नियम अनुसार परिधि भित्र रहि सबैले काम गर्नुपर्नेमा जोड दिए ।

## आवि भेलहीमा सम्मान कार्यक्रम

मधेशदृष्टि
गरूडा,१६ फागुन । रौतहटको माधवनारायण नगरपालिकामा मंगलवार सम्मान कार्यक्रम सम्पन्न भएको छ । सो नगरपालिकाको वडा नम्बर ३ मा रहेको श्री आधारभूत बिधालय भेलहीमा भूपू बिधालय ब्यवस्थापन समितिको अध्यक्षहरूको लागि सम्मान कार्यक्रम आयोजना गरेको थियो ।

मंगलबार बिधालय प्रांगणमा आयोजन गरिएको कार्यक्रमको प्रमुख अतिथिको रूपमा नगर प्रमुख बैजु यादव रह्नु भएको थियो भने विशिष्ट अतिथिको रूपमा नगर उपप्रमुख निर्मला रमन रहेकी थिईन् । कार्यक्रमको अध्यक्षता बिधालय व्यवस्थापन समितिका वर्तमान अध्यक्ष शम्भु यादवले गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य शिक्षक जयप्रकाश यादवले राखेका थिए ।

बिधालयको वि.स.२०३६ साल स्थापना कालदेखि लिएर अहिलेसम्म योगदान दिएका बिधालयका भूपू अध्यक्षहरू उपेन्द्र गिरी,रामस्वार्थ गिरी,जियालाल साह,नागेन्द्र राय यादव लगायतका बिधालयका पूर्व अध्यक्षहरु लाइ गमछा र टीकामाला लगाइ सम्मान गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर उप प्रमुख रमनले बिधालय सकभर सहयोग गर्ने प्रतिबद्धता जनाइन् । त्यस्तै वडा अध्यक्ष राजकुमार यादवले बिधालयलाइ आफनो तर्फ हर सम्भव सहयोग गर्ने वाचा गरे । त्यस्तै कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख यादवले शिक्षा क्षेत्र लगायत नगरभरिको सर्वाङ्गीण विकास गर्ने आवश्वासन दिए । सबैजनाले आफनो जिम्मेवारी राम्रो तरिका निर्वाह गरे बिधालयलाइ अवश्य उचाइमा पुर्याउन सकिने बताए । सो अवसरमा अतिथिहरू माधवनारायण नगरपालिकाका शिक्षा संयोजक जगरनाथ यादव,वडा अध्यक्ष राजकुमार यादव,प्रधानाध्यापक हरेन्द्र प्रसाद यादव,जसपा जिल्ला अध्यक्ष श्यामबिहारी यादव,हरवा चरवा अधिकार मञ्चका जिल्ला अध्यक्ष विगनेश पासवान लगायत स्थानीय भद्रभलादमी,बुद्धिजीवीहरू,समाजसेवी,राजनीतिकर्मी,शिक्षक, शिक्षिका,अभिभावक, बिधार्थीहरूको सहभागीता रहेको थियो ।

## सन्त रामपालको आध्यात्मिक चेतना यात्रा

मधेशदृष्टि
जनकपुरधाम,१६ फागुन ।
सन्त रामपालजी महाराजको सान्निध्यमा मंगलबार उनका अनुयायीहरुद्वारा पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा सतलोक आश्रम धनुषा बाट आध्यात्मिक चेतना एवं सतगुरु शोभा यात्रा निकालिएको छ ।

फाल्गुन १८,१९ र २० गते सतलोक आश्रम धनुषामा आदरणीय सन्त गरीबदास जी महाराज को बोध दिवसको उपलक्ष्यमा हुन गैरहेको अखण्ड पाठ, विशाल भण्डारा,रक्तदान,दाइजो रहित विवाह कार्यक्रममा सहभागीताका लागि सार्वजनिक रुपमा सम्पुर्ण देशवासी लाई निमन्त्रणा दिंदै तथा कबीर साहेबको र सन्त रामपाल जी महाराज को जयकारा लगाउँदै उक्त शोभा यात्रा अगाडि बढेको हो। हजारौं को संख्यामा मोटरसाइकल,भेन,जीप,कार ट्रक आदी वाहनहरु सजाएर चेतना यात्रामा सहभागी गराइएका थिए ।

यस यात्राको माध्यमले समाजलाई नशामुक्ति,दाइजो प्रथा उन्मुलन,भ्रष्टाचारको अन्त्य जस्ता अति आवश्यक सन्देश दिने कुरा श्रद्धालु हरुले बताएका छन् । विकृतिहरुले ग्रस्त वर्तमान समाजमा आध्यात्मिक ज्ञानको चेतना जगाई समाजलाई कुलत, दाइजो प्रथा, बली प्रथा, अन्धविश्वास, पाखण्ड्वाद जस्ता सामाजिक विकृतिहरु बाट मुक्त गर्ने उद्देश्यले यो शोभा यात्रा निकालिएको कुरा सन्त रामपालजी महाराजका अनुयायीहरुले जनाएका छन् । स्वच्छ,सभ्य,आध्यात्मिक समाज निर्माण गरेर सर्व मानव लाई सुखी बनाउने र पूर्ण मोक्ष प्रदान गर्ने उद्देश्यले संत रामपाल जी महाराजले अथक प्रयत्न गरिरहनुभएको जानकारी पनि अनुयायीहरुले दिएका छन् । सतलोक आश्रम धनुषा बाट निकालिएको उक्त शोभा यात्रा जनकपुर,जलेश्वर हुँदै सतलोकआश्रम मा नै पुगेर समापन भएको छ ।

## किन मर्छन् हरेक ..............................

स्वास्थ्य सेवामा पहुँचमा क्षेत्रीय असमानतातर्फ ध्यानाकर्षण गराउदै महिला र केटीहरूलाई बच्चा जन्माउनु अघि, समयमा र पछि महत्वपूर्ण स्वास्थ्य सेवाहरूमा पहुँच सुनिश्चित गर्न आवश्यक रहेकोमा जोड दिएका छन् । आफ्नो प्रजनन अधिकारको पूर्ण उपयोगका लागि यी सेवाहरू सुनिश्चित गर्न जरुरी रहेको उनले बताएका छन् ।

विश्व बिस्तारै कोभिड-१९ को महामारीबाट बाहिर आइरहेको छ, र कोरोनाभाइरसको जोखिमले गर्भावस्थाको समयमा जोखिम बढाउन सक्छ भनेर अनुसन्धानले देखाउँछ। मातृ मृत्युमा यस विश्वव्यापी स्वास्थ्य प्रकोपको वास्तविक हदको पूर्ण मूल्याङ्कन गर्न थप अनुसन्धान प्रयासहरू आवश्यक रहेको विज्ञहरूले औंल्याएका छन् ।

सुस्त प्रगति

राष्ट्रसंघीय स्वास्थ्य एजेन्सीको ‘ट्रेन्ड्स इन मातृ मृत्युदर’ नामक प्रतिवेदनमा सन् २००० देखि २०२० सम्म राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्तरमा भएका मातृ मृत्युका बारेमा जानकारी सङ्कलन गरिएको छ । प्रतिवेदनका अनुसार सन् २०२० मा विश्वभर दुई लाख ८७ हजार मातृमृत्यु भएको थियो, जुन सन् २०१६ को तीन लाख ९ हजारको तुलनामा केही घटेको देखाउँछ।

सङ्गठनका अनुसार सन् २०३० सम्ममा प्रति एक लाख जीवित जन्ममा ७० भन्दा कम मातृमृत्यु हुने लक्ष्य राखेर सन् २०१५ मा दिगो विकास लक्ष्य एजेन्डा कार्यान्वयन गर्ने देशहरूले प्रतिबद्धता गरेकाले यस्तो परिणाम आएको हो। प्रतिवेदनले सन् २००० देखि २०१५ सम्ममा मातृमृत्यु घटाउन केही ठोस प्रगति भएको देखाएको छ, तर ठूलो प्रगति रोकिएको र केही अवस्थामा उल्टो भएको छ।

डरलाग्दो परिस्थितिहरू

२७ करोड महिलाको परिवार नियोजनका आधुनिक विधिहरूमा पहुँच छैन। आय, शिक्षा, वर्ण, जातीय असमानताका कारण सीमान्तकृत महिलामा जोखिम बढेको विज्ञहरू बताउँछन् । यी महिलाहरूसँग धेरै आवश्यक प्रसूति हेरचाहमा कम पहुँच छ, जबकि उनीहरूले गर्भावस्थाको समयमा पूर्व-अवस्थित स्वास्थ्य समस्याहरू अनुभव गर्ने सम्भावना बढी हुन्छ।

यो प्रतिवेदन विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्र जनसंख्या कोष, विश्व बैंक समूह र संयुक्त राष्ट्र संघ कार्यालयको जनसंख्या शाखा सम्मिलित अन्तर-एजेन्सी समूहको तर्फबाट संयुक्त राष्ट्र स्वास्थ्य एजेन्सी, संयुक्त राष्ट्र मातृ मृत्यु अनुमान, द्वारा तयार गरिएको हो। संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोषका कार्यकारी निर्देशक डा नतालिया कानेमले अझै पनि ठूलो सङ्ख्यामा महिलाको गर्भावस्था र सुत्केरी हुँदा मृत्यु हुने गरेकोमा चिन्ता व्यक्त गरेकी छन् ।

उनले आक्रोश व्यक्त गर्दै एक वर्षमा दुई लाख ८० हजारभन्दा बढीको ज्यान जाने अवस्था पूर्णरुपमा अनुचित भएको बताइन, “हामीले अझ राम्रो गर्न सक्छौं - र हामीले - परिवार नियोजनमा तुरुन्तै लगानी गरेर र ९० लाख भन्दा बढी मिडवाइफहरूको विश्वव्यापी कमीलाई पूरा गर्नु पर्दछ जसबाट प्रत्येक महिलालाई उनीहरूलाई आवश्यक पर्ने जीवन बचाउने हेरचाह प्राप्त गर्न सकिन्छ।”

“हामीसँग यी मातृ मृत्यु रोक्नको लागि उपकरण, ज्ञान र स्रोतहरू छन्, हामीलाई केवल राजनीतिक इच्छाशक्ति चाहिन्छ।”

हिंसात्मक द्वन्द्व र गरीबीः एक घातक स्थिति

प्रतिवेदनको एउटा महत्त्वपूर्ण निष्कर्ष यो हो - मातृ मृत्यु मुख्यतया विश्वका गरिब देशहरू र हिंसात्मक द्वन्द्वको जोखिममा रहेका देशहरूमा हुन्छ। सन् २०२० मा कुल मातृ मृत्युको ७० प्रतिशत सब-सहारा अफ्रिकामा भएको थियो। त्यही समयमा, गम्भीर मानवीय संकटको सामना गरिरहेका ९ देशहरूमा, मातृ मृत्यु दर (प्रति १ लाख जीवित जन्ममा ५५१ मातृ मृत्यु) विश्वव्यापी औसत (प्रति १ लाख जीवित जन्महरूमा २२३ मातृ मृत्यु) भन्दा दोब्बर थियो।

यी मृत्युका मुख्य कारणहरू गम्भीर रक्तस्राव, उच्च रक्तचाप, गर्भावस्थामा हुने संक्रमण, असुरक्षित गर्भपतनका कारण हुने जटिलताहरू र गर्भावस्थामा बिग्रने मलेरिया, एचआइभी/एड्सलगायत स्वास्थ्य समस्याहरू हुन्। आठ प्रसवपूर्व जाँचहरू सिफारिस गरिएको छ, तर तथ्याङ्कहरूले देखाउँछन- त्यस्ता चारवटा जाँचहरू पनि झन्डै एक तिहाइ महिलाहरूका लागि सम्भव छैन, न त उनीहरूले प्रसवोत्तर हेरचाह प्राप्त गर्न सक्षम छन्।

आवरण तस्बिरः एक गर्भवती महिलाको स्वास्थ्य परीक्षण गरिँदै (युनिसेफ/ प्याट्रिसिया विलोक ) ।
ग्लोबल न्युज ब्रेकको सहयोगमा
श्रोतः आइएनएस-स्वतन्त्र समाचार

## उपनिर्वाचनको तयारीमा ...........

तथा कार्यकर्ताहरू आन्तरिक तयारीमा जुटिसकेका छन् ।’

सो क्षेत्रका सांसद रामसहाय यादव उपराष्ट्रपति बनेपछि प्रतिनिधिसभा सदस्यमा रिक्त हुने सिटका लागि उपनिर्वाचन गराउनुपर्ने हुन्छ । उपचुनावमा पार्टीका अध्यक्ष उपेन्द्र यादव नै उम्मेदवार बन्ने चर्चा जिल्लाभर फैलिएको बताउँदै उनले अध्यक्ष यादव बारा-२ बाट चुनाव लडेको अवस्थामा अत्यधिक मतले जित्ने उनको दाबी छ ।

यसअघिको चुनावमा पनि अध्यक्ष उपेन्द्र यादव बाराबाट चुनाव लड्न खोजेका थिए । त्यहाँका नेता तथा कार्यकर्ताहरूले उनलाई सोही क्षेत्रबाट चुनाव लड्न आग्रह गरेका थिए तर सप्तरीका नेता तथा कार्यकर्ताले उपेन्द्र यादवलाई त्यहाँबाट चुनावमा उठ्न लगाएका थिए । हुनत सप्तरी-१ का सांसद नवल किशोर साहले आफू उपराष्ट्रपति बन्ने र आफ्नो क्षेत्रमा अध्यक्ष उपेन्द्र यादवलाई उपनिर्वाचनमा उम्मेदवार हुन प्रस्ताव गरेका छन् । तर उपेन्द्र यादवले बाराबाटै चुनाव लड्ने मनस्थिति बनाएको छ ।

जसपा मधेस प्रदेश समितिका अध्यक्ष रामबाबु यादवले पनि बारा-२ मा उपेन्द्र यादवलाई चुनावमा उठाउने आन्तरिक तयारी चलिरहेको बताएका छन् । ‘नेता तथा कार्यकर्ता उत्साहित छन्, रामसहाय यादव उपराष्ट्रपति बनेपछि सो क्षेत्रको गरिमा त्यसै पनि बढ्ने भयो, त्यसपछि पार्टीकै अध्यक्ष उपेन्द्र यादव चुनावमा लड्न आएपछि क्षेत्रको गरिमा बढ्ने भएका कारण क्षेत्रका मतदाताहरू उत्साहित भएका छन्,’ उनले भने ।

जसपाका कार्यकारिणी सदस्य समेत रहेका रामसहाय यादवले बारा-२ बाट १३ हजार ८२२ मत ल्याएर चुनाव जितेका थिए । उनका प्रतिद्वन्द्वी माओवादी केन्द्रका शिवचन्द्र कुशवाहाले १३ हजार ४६८ मत ल्याएका थिए ।

रामसहाय यादव एमालेसँग गठबन्धन गरेर चुनाव जितेका थिए । शिवचन्द्र कुशवाहा पाँच दलीय गठबन्धनका उम्मेदवार थिए । सो क्षेत्रमा जसपाबाट रामकिशोर यादव बागी उम्मेदवार भएका थिए । उनले चुनावमा ११ हजार ४३ मत ल्याएर तेस्रो स्थान ओगटेका थिए । उपनिर्वाचनमा उपेन्द्र यादव आठ दलीय गठबन्धनका साझा उम्मेदवार बन्ने सम्भावना रहेको जसपाका नेताहरू बताउँछन् ।

## पुँजीबजार सुधार्न ..................

जान्छ । पछिल्लो समय प्रविधिमा लगानी बढाएर आइटी कम्पनीलाई प्रोत्साहन गर्नुपर्छ । त्यस्ता कम्पनी धितोपत्र बजारमा आएको खण्डमा अन्तर्राष्ट्रिय बजारसँग समेत सम्बन्ध स्थापित हुने अवस्था सिर्जना हुन्छ । अहिले नेप्सेमा आइटी क्षेत्रको कुनै पनि कम्पनी सूचीकृत छैनन् । नेपालको पुँजीबजारमा फुडमान्डु, ई-सेवाजस्ता कम्पनी सूचीकृत गराउने विषयमा सरकारले ध्यान दिनुपर्छ । नेपालको समग्र अर्थतन्त्र नै थोरै व्यावसायिक समूहको नियन्त्रणमा छ । यस्तो नियन्त्रणलाई सरकारले पुँजीबजार प्रयोग गरेर बाहिर ल्याउनुपर्छ । सरकारले त्यसो नगरेको खण्डमा नयाँ उद्योग मर्ने तथा इनोभेसन नै समस्यामा पर्न सक्छ । सरकारले १ अर्ब चुक्ता पुँजी भएको वा वर्षमा ५० करोडदेखि १ अर्बको कारोबार गर्ने कम्पनीले सर्वसाधारणमा सेयर जारी गर्नुपर्ने व्यवस्था बजेटमार्फत गर्‍यो । तर, त्यसको कार्यान्वयन हुन सकेन । नीति राम्रा भए पनि कार्यान्वयन हुन नसक्दा पनि नेपाली पुँजीबजार पछि परेको हो । (शाही, लगानी विश्लेषक हुन् । उनी एसोसिएसन अफ इन्भेस्टमेन्ट प्रोफेसनल्स इन नेपालका अध्यक्ष हुन् । यो लेख आर्थिक पत्रकार समाज, सेजनको प्रकाशन, अर्थनीति, सेजन स्मारिका २०७९ बाट लिइएको हो ।)

## जनकपुरधामका मेयर र ...............................


विपरित नगर प्रमुखलाई कुनै पनि कानूनले स्वकीय सचिव नियुक्त गर्ने अधिकार नै नदिएको अवस्थामा आफ्नो पदको दूरुपयोग गर्दै सिंहलाई नियुक्त गरेको र उनको सो कार्यबाट राज्य कोषको दोहन हुनुका साथै उपमहानगरमा कार्यरत कर्मचारीहरुको मनोवल एवम् भावनामा समेत चोट पुर्‍याएको उजुरीमा भनिएको छ । श्रोतका अनुसार सिंहले नगर प्रमुखलाई सम्बोधन गरेर “स्वकीय सचिव नियुक्त सम्बन्धमा जेठ १२ गते निवेदन पत्र दर्ता गराएको र सो निवेदन पत्रमा नगर प्रमुख साहको ठाडो तोक आदेश रहेको र सिंहको निवेदन पत्र जेठ १२ गते दर्ता भएपनि उपमहानगरको कार्यालयबाट जेठ ११ गते नै अर्थात निवेदन दर्ता भएको १ (एक) दिन अगाडी टिप्पणी र आदेश पत्र तयार भइसकेको तथा सो टिप्पणी र आदेश पत्रलाई नगर प्रमुखले सदर समेत गरेको छ ।

टिप्पणी र आदेश सदर भए बमोजिम उपमहानगरको कार्यालय र सिंहको बीचमा जेठ १२ गते नै करार सम्झौता भएको देखिन्छ । सो करार सम्झौताको बुद्दा नं. १ मा पद “स्वकीय सचिव छैठौं” भन्ने र बुद्दा नं. २ मा “काम गर्नु पर्ने स्थान : नगर प्रमुखको सचिवालन” भन्ने रहेको छ । यसका साथै करार सम्झौताको बुद्दा नं. ३ मा मासिक पारिश्रमिक सम्बन्धमा उल्लेख रहेको छ । जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयबाट जेठ ११ गते तयार भएको टिप्पणी र आदेश पत्रमा प्रमुख प्रशासकीय अधिकृतबाट “स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था विपरित नहुने गरी उपरोक्त उल्लेखित कार्य हुन पेश गर्दछु” भन्ने उल्लेख छ । नियुक्ती पाउने आधार र कारण रहेको छ वा छैन भनी मूल्यांकन र विश्लेषण गरेर मात्र नियुक्त हुने गरी करार सम्झौता गर्नु पर्ने व्यवस्था रहेकोमा त्यसको अवलम्बन नगरी सोही दिन नगर प्रमुखले टिप्पणी र आदेश पत्रलाई सदर गरेको श्रोतको दाबी छ ।

नगर प्रमुख साहलाई उपमहानगरले जारी गरेको अनुसुची बमोजिम आफ्ना सचिवालयको लागि तोकिएको पदमा प्रचलित कानून बमोजिम योग्यता पुगेको व्यक्ति मध्येबाट छनोट हुनसक्ने अवस्था देखिन्छ । तर सो नियुक्ती हुने पद/दरवन्दी सिमित एवम् प्राविधिक मात्र रहेको छ । नगर प्रमुख साहको ठाडो तोक आदेशमा करारमा नियुक्ती भएका सिंह कुनै पनि किसिमको प्राविधिक एवम् विज्ञ व्यक्ति नरहेको दबीसमेत गरिएको छ । नगर प्रमुखको ठाडो आदेशमा गैरकानूनी रुपमा सिंहलाई करारमा नियुक्त गरेको र यसरी आफूलाई सहयोग गरेकै कारणले राज्यको कोषबाट रकम भुक्तानी हुने गरी नियुक्ती गर्ने अधिकार नगर प्रमुखलाई कुनै पनि कानूनले नदिएको उजुरीमा उल्लेख छ । नगर प्रमुखको ठाडो तोक आदेश बमोजिम जेठ १२ गतेमा नियुक्ती पाएका सिंहलाई उपमहानगरको कार्यालयबाट जेठ २६ गते थप जिम्मेवारी दिइएको थियो । जस अनुसार उनलाई “जनकपुरधाम पर्यटन केन्द्र पार्क तथा वृक्षारोपण शाखा र वातावरण तथा फोहोर मैला व्यवस्थापन शाखा” समेतको शाखा प्रमुखको जिम्मेवारी तोकिएको थियो । राज्यको निकायको रुपमा रहेको उपमहानगरपालिकालाई आफ्नो फाईदा हुने किसिमले निजी सम्पति जस्तो सञ्चालन गर्ने अधिकार नगर प्रमुखलाई नरहेको र आफू नियुक्त हुन चाहेको पद/दरवन्दी नै नभएको अवस्थामा पहुँचको आधारमा जानी जानी अनुचित लाभ दिने उद्देश्यले नियुक्ती पाउनको लागि निवेदन दिनु र नियुक्त लिने कार्य समेत बदनियतपूर्ण एव गैरकानूनी रहेको ठहर गरिएको छ। हुनत सिंहले पारिवारिक समस्यालाई आधार बनाएर फागुन ३ गते सामाजिक सञ्जाल फेसबूक मार्फत सो पदबाट राजीनामा दिइसकेको छ ।

# रुसी राष्ट्रपतिका सहयोगी बेलारुसका राष्ट्रपति चीन भ्रमणमा, पश्चिमा देश सशक्तित

बेइजिङ, १६ फागुन
रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका निकटका सहयोगी बेलारुसका राष्ट्रपति अलेक्ज्याण्डर लुकासेन्को चीनको राजकीय भ्रमणमा यहाँ आएका छन् । आफ्ना चिनियाँ समकक्षी सी चिनफिङको निमन्त्रणामा उनको भ्रमण भएको हो ।



युक्रेन युद्धलाई लिएर भूराजनीतिक तनाव बढिरहेका बेला राष्ट्रपति लुकासेन्को भ्रमणलाई पश्चिमा देशले आशङ्काका साथ हेरिहेका छन् । चीनले रुसलार्य सैन्य सहायता उपलब्ध गराउने विवरण सार्वजनिक भइरहँदा उनीहरू त्यसबाट चिन्तित छन् । अमेरिकाले चीनबाट रुसलाई हतियार सहायता भएमा त्यसले गम्भीर परिणाम ल्याउने चेतावनी दिएको छ ।

राष्ट्रपति लुकासेन्को भ्रमणलाई चीन र बेलारुसबीचको चौतर्फी सहयोग अभिवृद्धि गर्न तथा पारस्परिक सहयोग एवम् विकास प्रवर्द्धन गर्ने अवसरका रुपमा लिइएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ । चीनले युक्रेनलाई रक्षात्मक हतियार उपलब्ध गराएर वासिङ्टन र उसका सहयोगीले द्वन्द्वलाई उकासेको अरोप लगाउँदै आएको छ । बेइजिङले शान्ति वार्तालाई प्रवर्द्धन गर्न आफू प्रतिबद्ध रहेको बताउँदै अमेरिकी आरोपलाई धब्बापूर्ण अभियानको संज्ञा दिएको छ । "अमेरिकालाई चीन र रुसबीचको सम्बन्धबारे औँला उठाउने अधिकार छैन, हामी कुनै पनि हालतमा अमेरिकी दबाब र जवरजस्ती स्वीकार गर्दैनौँ," विदेश मन्त्रालयका प्रवक्ता माओ निङले सोमबार नियमित पत्रकार सम्मेलनमा भने । बेइजिङले एक वर्ष पुरानो युक्रेन युद्धमा तटस्थ अडान कायम राखेको स्पष्ट गर्दै रुससँगको मैत्री असिमित रहेको बताएको छ ।

चीनले युक्रेन आक्रमणको आलोचना पनि गरेको छैन भने मस्कोलाई युद्ध अन्त्य गर्न आह्वान पनि गरेको छैन । चीनले संयुक्त राज्य अमेरिका र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)लाई द्वन्द्व उक्साएको आरोप लगाएको छ भने रुस र उसको सैन्य प्रयासलाई सहयोग गर्ने संस्थाविरुद्ध लगाइएको प्रतिबन्धको निन्दा गरेको छ ।

राष्ट्रपति लुकासेन्को रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका नजिकका सहयोगी मानिन्छन् । उनले युक्रेनमा मस्कोको आक्रमणलाई समर्थन गरेका छन् । बेलारुस आर्थिक र राजनीतिकरूपमा आफ्नो छिमेकीमा निर्भर छ । चीनका विदेश मन्त्री छिन गङले आफ्ना बेलारूसी समकक्षी सर्गेई अलेनिकलाई गत शुक्रबार टेलिफोन गरेर बेइजिङले मिन्स्कसँग पारस्परिक राजनीतिक विश्वासलाई अझ प्रगाढ बनाउन चीन इच्छुक रहेको बताएका थिए । साथै उनले 'बेलारुसको राष्ट्रिय स्थायित्व कायम राख्न सहयोग गर्न जारी राख्ने, बाह्य शक्ति उसको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने वा मिन्स्कमा गैरकानूनी एवम् एकपक्षीय प्रतिबन्ध लगाउने प्रयासको विरोध गर्ने' बताएका थिए । गत वर्षको सेप्टेम्बरमा राष्ट्रपतिद्वयबीच उज्बेक शहर समरकन्दमा भेटवार्ता भएको थियो । त्यसबेला उहाँहरूले पारस्परिक सहयोग एवम् रणनीतिक साझेदारीको घोषणा गरेका थिए । युक्रेन र रुससँग सीमा जोडिएको बेलारुसले गत वर्ष युक्रेनमाथि आक्रमण गर्न मस्कोलाई आफ्नो भूमि प्रयोग गर्न अनुमति दिएको थियो ।बेलारुसले मस्कोको युद्ध प्रयासमा फेरि सहयोग गर्न सक्ने किएभले चिन्ता व्यक्त गरेको छ ।

युक्रेन युद्धबारे शुक्रबार चिनियाँ विदेश मन्त्रालयले १२ बुँदे अवधारणापत्र सार्वजनिक गर्दै युक्रेन सङ्कट समाधानका निम्ति तत्काल शान्तिवार्ता थालिनुपर्नेमा जोड दिएको थियो । बेइजिङले शान्ति वार्ताको थालनी तथा क्षेत्रीय सार्वभौमसत्ताको सम्मान गर्न युद्धरत पक्षलाई आह्वान गरेको छ । त्यसकानिम्ति अन्तर्राष्ट्रिय समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आह्वान गर्दै चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने प्रतिबद्धता व्यक्त गरेको छ । चीनले युक्रेन युद्ध अन्त्य गर्ने प्रस्ताव सार्वजनिक गरेपछि युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भेट्ने योजनामा आफू रहेको बताउनुभएको छ । यद्यपि चीनले यस सम्बन्धमा केही प्रतिक्रिया दिएको छैन । आफ्नो भूमिमाथि रुसी आक्रमणको वार्षिकीका सन्दर्भमा बोल्दै राष्ट्रपति जेलेन्स्कीले प्रस्तुत प्रस्तावबाट चीन शान्तिको खोजीमा रहेको सङ्केत गरेको बताए ।

राष्ट्रपति जेलेन्स्कीले रुसलाई चीनले हतियार उपलब्ध गराउँदैन भन्नेमा आफू विश्वस्त हुन चाहेको पनि बताए । चिनियाँ प्रस्तावले शान्तिवार्ता र राष्ट्रिय सार्वभौमसत्ताको सम्मान गर्न आह्वान गरेको उनले उल्लेख गरे । चिनियाँ प्रस्तावमा रुसी सेना युक्रेनबाट फर्किनुपर्ने विषय समेटिएको छैन ।

यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि चिनियाँ प्रस्ताव सकारात्मक रहेको उल्लेख गर्दै बेइजिङले मस्कोलाई हातहतियार सहयोग गर्छभन्ने आफूलाई नलागेको बताउनुभएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि चिनियाँ प्रस्तावको प्रशंसा गरेका छन् । बेलारुसले मस्कोप्रति दृढ समर्थन गर्दै आएको छ । गत वर्ष युक्रेन आक्रमणका बेला आफ्नो क्षेत्रलाई प्रयोग गर्न उसले अनुमति दिएको थियो । बेलारुसले रुसी सेना, लडाकु विमान र अन्य हतियार राख्न सहयोग गर्दै आएको छ ।सन् १९९४देखि बेलारुसका एकमात्र राष्ट्रपति लुकासेन्कोसँग चीनले घनिष्ठ सम्बन्ध कायम गरेको छ । लुकासेन्कोले सन् २०२० मा विवादका बीच पुनःनिर्वाचित भएपछि विपक्षी र पश्चिमी देशप्रति असहिष्णु भएको तथा विरोधीलाई दबाएको आरोप छ । (रासस/एपी)

# मलेसियामाथि नेपालको सानदार जित



काठमाडौँ, १६ फागुन
संयुक्त अरब इमिरेट्समा जारी आईसीसी यू-१९ पुरुष विश्वकपको एसिया छनोट प्रतियोगिताअन्तर्गत आज भएको खेलमा नेपालले मलेसियालाई १० विकेटले पराजित गरेको छ । खेल युएईस्थित मलेका क्रिकेट मैदानमा भएको थियो ।

यो जितसँगै नेपालले प्रतियोगितामा लगातार चौँथो जित दर्ता गराएको छ । यसअघि नेपालले सिङ्गापुर, कुवेत र हङ्कङलाई पराजित गरेको थियो । मलेसियाले दिएको ७३ रनको समान्य लक्ष्य नेपालले ९ ओभरमा कुनै विकेट नगुमाई लक्ष्य पूरा गऱ्यो । नेपालका लागि दुवै ओपनर अविजित रहे । ओपनर दीपक बोहोराले अविजित ३८ रन बनाए भने अर्का ओपनर अर्जुन कुमालले २१ रन जोडे । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको मलेसियाले ३५ दशमलव ३ ओभरमा सवै विकेट गुमाउँदै ७२ रनको योगफल बनाएको थियो । मलेसियाका लागि अक्रम मालेकले सर्वाधिक २६ रनको योगदान दिए भने मोहमद हैरिल हरिसन र मोहम्ममद स्याहिर स्यामिलले समान १२/१२ रन बनाए । नेपालका लागि दीपेश कँडेलले ४ विकेट लिए भने आकाश चन्दले ३ विकेट झारे ।

त्यसैगरी मिलन बोहोराले २ तथा सुवास भण्डारीले १ विकेट लिए । अब नेपालले आफ्नो अन्तिम खेल आयोजक युएईसँग यही फागुन १८ गते खेल्नेछ । प्रतियोगितामा नेपालसहित सिङ्गापुर, कुबेत, हङकङ, मलेसिया र आयोजक युएईको सहभागिता रहेको छ । राउण्ड रोबिनका आधारमा हुने उक्त प्रतियोगिताको शीर्ष टोली सन् २०२४ मा श्रीलङ्कामा आयोजना हुने यु-१९ विश्वकपका लागि छनोट हुनेछ ।रासस

# स्पोर्टस अवार्डका चार विधाको खेलाडी मनोनयन




काठमाडौँ, १६ फागुन
खेल क्षेत्रबाट अतुलनिय योगदान गरेर नेपालको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन मद्दत गर्ने खेलाडी प्रशिक्षक एवम् खेलकर्मीलाई सम्मान गर्ने पल्सर स्पोर्टस अवार्डअन्तर्गत विभिन्न चार विधाको मनोनयन मंगलवार सार्वजनिक भएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्चको आयोजनामा हुने उक्त अवार्डअन्तर्गत वर्षको सर्वक्षेष्ठ पुरुष खेलाडी, वर्षको सर्वश्रेष्ठ महिला खेलाडी, वर्षको सर्वश्रेष्ठ युवा खेलाडी र वर्षको सर्वश्रेष्ठ प्रशिक्षकको मनोनयन सार्वजनिक गरिएको हो । वर्षको सर्वश्रेष्ठ पुरुष खेलाडीमा क्रिकेटका कुशल भुर्तेल र दीपेन्द्र सिंह ऐरी, फुटबलका अञ्जन विष्ट र किरण चेम्जोङ तथा ब्याडमिन्टनका प्रिन्स दाहाल मनोनयनमा परेको मञ्चद्वारा आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

त्यसैगरी महिलातर्फ क्रिकेटकी सीता रानामगर र रुविना क्षेत्री, भलिबलकी अरुणा शाही, बक्सिङकी पुनम रावल र एथ्लेटिक्सकी पुष्पा भण्डारी मनोनयनमा परेका छन् । युवा खेलाडीको मनोनयनमा फुटबलका मनिष डाँगी र प्रिति राई, बक्सिङका छिरिङ वाङ्दी शेर्पा, भलिबलकी उषा भण्डारी र ब्याडमिन्टनकी रसिला महर्जन छन् ।प्रशिक्षकतर्फ फुटबलका अब्दुल्ला अल्मुताइरी, क्रिकेटका डेभ ह्वाटमोर, पारा तेक्वान्दोका कविराज नेगी, बक्सिङका दीपक महर्जन र भलिबलका जगदीस भट्ट मनोनयनमा परेका छन् । यही फागुन २३ गते हुने १९औँ संस्करणको उक्त अवार्डमा विभिन्न नौ विधामा खेलाडी र खेलकर्मीलाई सम्मान गरिनेछ । पल्सर स्पोर्टस अवार्डअर्न्गत लाइफटाइम एचिभमेन्ट , पारा एथलिट, स्पेशल र एसियन स्पोर्टस जर्नालिस्ट अवार्ड भने कार्यक्रमकै दिन घोषणा गरिने आयोजक मञ्चका कार्यबाहक अध्यक्ष नीराजन अधिकारीले जानकारी दिए । अवार्डमा वर्ष पुरुष, महिला, पिपल्स च्वाइस, युवा र वर्ष प्रशिक्षकको विजेताले पल्सर मोटरसाइकल पाउनेछन् भने अन्य विधा विजेता खेलाडीले जनही रु ५० हजार प्राप्त गर्नेछन् ।रासस

# हर्ष र त्रासदीपूर्ण सगरमाथा आरोहणको ऐतिहासिक सम्झना

अष्ट्रिया, १६ फागुन
उहाँले जीवनका ८९ वशन्त पार गरिसकेका छन् तर उनले हिमाल चढ्न छाडेका छैन । अक्सिजन बिना नै सगरमाथा आरोहण गरेका अष्ट्रियाका आरोही हाबेलर हाबेलर अझै पनि हिमालका चुचुरा चुम्न शारीरिकरूपमा सक्षम छन् । आफ्नो यो सक्षमतालाई उनी 'युवावस्थाको स्रोत' भन्न रुचाउछन ।



हाबेलर र उनका इटालियन साथी रेनहोल्ड मेस्नरले बिना अक्सिजन विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रणलाई धेरैले असम्भव भनेर टिप्पणी गरेका थिए तर उनीहरूले सन् १९७८ मा पूरक अक्सिजन बिना नै सगरमाथको चुचुरोमा पुगेर विश्वलाई नै चकित पारिदिए । जब उहाँहरूका पाइला सगरमाथाको शिखरमा पुगे आफूमा धेरै खुशी, केही दुःख र त्रासले घर गरेको हाबेलरले पश्चिमी अष्ट्रियाको आफ्नो निवासमा एएफपीलाई भने । जीवनको नवौँ दशकमा प्रवेश गर्नुभएका हाबेलरले हिमाल आरोहणलाई निरन्तरता दिएका छन् । हिमाल र पहाडलाई उहाँ साथी भन्न रुचाउछन । हिमाल आरोहणबाट हीराका टुक्राभन्दा बहुमूल्य अनुभव आफूलाई प्राप्त भएको उनी बताउछन । जलवायु परिवर्तनले ठूलो समस्या खडा गरेकामा उनी चिन्तित छन् । आफ्नो जन्मभूमिका आल्पस हिमाल शृखला हुन् वा अन्य महादेशका हिमाल बढ्दो तापक्रमका कारण हिमाल पग्लने कुराले उनलाई पोल्छ ।

दिगो पर्यटनका अभियन्ता हाबेलरले हिमाल पथप्रदर्शकका रूपमा काम थालेका थिए । उनका छोरो अहिले पनि आफ्नै जन्मभूमि मेरहोफेनमा स्थापना गरिएको स्की स्कूल सञ्चालन गरिरहेका छन् । दृढ सङ्कल्प,लगन र परिश्रमका साथ प्रयास गरेमा कुनै पनि काम असम्भव केही छैन भन्ने देखाउन तथा अरुका निम्ति अवसरका ढोका खोल्ने उनको चाहना थियो ।

हाबेलर आफूलाई सामान्य मान्छे मान्छन । सगरमाथा आरोहण गरेको केही वर्षपछिसम्म आफ्नै जन्मस्थानमा समय बिताएका उनलाई आठ हजार मिटरभन्दा माथिका हिमाल आरोहणको अभिलाषाले भने छाडेन । उनले अग्ला हिमालका टुप्पामा आफ्ना पाइला पुऱ्याए तर उनका साथमा सगरमाथा आरोही मित्र मेस्नर थिए ।

अहिले ७८ वर्षीय मेस्नर विश्वका १४ वटा अग्ला चुचुरा चुम्ने पहिलो व्यक्ति बनेका छन् । अर्थात् उनले आठ हजार मिटरभन्दा अग्ला सबै हिमालको सफलतापूर्वक आरोहण गरेर कीर्तिमान कायम गरेका छन् । मेस्नरसँग मिलेर जे पनि गर्न सकिने हाबेलरको विश्वास छ । सगरमाथा शिखरमा उनले आफ्नो त्रास हटाउन र साहस भर्न गर्नुभएको सहयोगका निम्ति हाबेलरले कृतज्ञता व्यक्त गरेका छन् । आरोही मेस्नरले आफ्ना मित्र हेबलरसम्बन्धी पछिल्लो पुस्तकमा उहाँको प्रशंसा गरेका छन् । हेबलरलाई जस्तोसुकै परि स्थितिमा पनि संसारका जुनसुकै भूभागका हिमाल सहजै चढ् नसक्ने क्षमता भएको व्यक्तिका रुपमा उनले चित्रण गरेका छन् ।

चौहत्तर वर्षको उमेरमा हेबलरले स्विट्जरल्याण्डको इगर पर्वत उत्तरी मोहडाबाट सफल आरोहण गरेर सबैभन्दा वृद्ध पर्वतारोहीको कीर्तिमान पनि कायम गरे । उनले आफ्ना पूर्वशिष्य डेभिड लामासँग उक्त हिमाल आरोहण गरेका थिए । त्यतिबेला लामाको उमेर २६ वर्ष मात्र थियो । क्यानडाको बान्फ राष्ट्रिय निकुञ्जमा हिमपहिरोमा परेर लामाको मृत्यु भएको थियो । लामाको निधनबाट दुःखित हेबलरका आँखा अहिले पनि रसाउँछन् । आरोही लामाले दुर्घटनामा ज्यान गुमाएपछि उहाँलाई थप सचेत बनाएको छ । यद्यपि उहाँले हिमाल आरोहणलाई जारी राखेका छन् । थोरै उपकरण र सामग्री अनि अतिकम बाह्य सहयोगबाटै उनी हिमालतर्फ हिँडछन । उनी आफूलाई सामान्य व्यक्तिका रुपमा प्रस्तुत गर्छन ।

आफूसँग सधैँ हिमाल आरोहणका निम्ति आवश्यक पर्ने आधारभूत सामग्री मात्र हुने गरेको उनी बताउछन । आफ्नो झोलामा भारीभरकम सामान राख्न उहाँलाई मन लाग्दैन । आफ्ना मातापिता पर्वतारोही नभए पनि संसारको छानोमा बिना अक्सिजन पुग्न सफल भएकामा हेबलर गर्व गर्छन । आफ्नो सफलताको श्रेय उनी पर्वतारोहणका पथप्रदर्शन र अन्यलाई दिन्छन । अरुको सहयोगबाट पनि उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने दृष्टान्त उनले प्रस्तुत गरेका छन् । (रासस/एएफपी)

# खेलकुद क्षेत्रमा गुणात्मक विकास हुनुपर्छ : प्रधानमन्त्री दाहाल

पाटन, १६ फागुन
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेलकुद क्षेत्रमा गुणात्मक विकास हुनुपर्ने बताएका छन् । उनले खेलकुद क्षेत्रमा छुट्ट्याइँदै आएको बजेट वृद्धि गर्ने बताए ।

लितपुरको च्यासल रङ्गशालाको आज उद्धाटन गर्दै प्रधानमन्त्री दाहालले पूर्वाधार तथा खेलकुद कार्यक्रमका लागि हालको बजेटलाई गुणात्मक रुपले वृद्धि गरी आगामी आर्थिक वर्षमा बजेट व्यवस्थापन गरिने उल्लेख गरे । "पहिलो पटक प्रधानमन्त्री हुँदा खेलकुदलाई स्वाथ्यको लागि र राष्ट्रका लागि मात्रै हैन, अर्थतन्त्रका लागि, कूटनीतिका लागि, राजनीतिका लागि र अन्तर र्राष्ट्रिय भाइचाराका लागि महत्व दिन आवश्यक ठानेर अगाडि बढेको थिएँ । दोस्रो कार्यकालमा प्रत्येक गाउँ र विद्यालयमा खेलकुदलाई संस्थागत गर्ने प्रयास गरेको थिएँ", उनले भने , "अहिलेको कार्यकालमा पनि खेलकुद क्षेत्रमा गुणात्मक विकास हुनुपर्छ भन्ने कुरालाई प्राथमिकतामा राखेको छु । मैले राजनीतिबाहेक खेलकुद र कलाकारितालाई अलि बढी नै महत्व र प्राथमिकता दिने गरेको छु । मेरो रुचिको क्षेत्र पनि हो ।" प्रधानमन्त्री दाहालले पहिलोपटक प्रधानमन्त्री भएर अगाडि बढ्दा देशैभर खेलकुद क्षेत्रलाई संस्थागत गर्ने तथा देशव्यापी बनाउने कुरामा विशेष ध्यान दिएको र दशरथ रङ्गशालालाई पुनःनिर्माण गर्ने क्रममा चीन सरकारसँग कुरा गरेर विशेष योगदान गरेको स्मरण गरे । उनले आफूले राजनीतिक जीवनको महत्वपूर्ण समय च्यासलमा बिताएको उल्लेख गर्दै च्यासल रङ्गशाला समुद्धाटन गर्न पाउँदा गौरव महसुस भएको बताए । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङले च्यासल रङ्गशाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्न मिल्ने व्यवस्थित रङ्गशाला भएको बताए । उनले यो काठमाडौँ उपत्यकामा दशरथ रङ्गशालाको वैकल्पिक भएको उल्लेख गरे । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्वाङले दाहाल नेतृत्वको सरकारले देशमा खेलकुदको पूर्वाधार निर्माणमा महत्वपूर्ण योगदान गरेको जिकिर गर्दै आगामी वर्षको बजेटमा खेलकुदमा पर्याप्त बजेट विनियोजन गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गरे । विसं २०७४ असार २२ गते निर्माण थालिएको उक्त रङ्गशाला २०७९ असोज २९ गते निर्माण सम्पन्न भएको राखेप सदस्य सचिव घिसिङले जानकारी दिनुभयो । परिषद्सँगको सम्झौताअनुसार डाँफे प्रेरणा प्रतिष्ठान जेभी कम्पनीले भ्याटबाहेक रु २८ करोड १६ हजारको लागतमा रङ्गशाला निर्माण सम्पन्न गरेको हो । तीनवटा प्यारापिट भएको सो रङ्गशाला छ हजार दुई सय जनासम्म अट्ने क्षमताको रहेको बताइएको छ ।रासस

# मालीमा रहेको राष्ट्रसंघीय मिसनले अनुसन्धान गर्ने

संयुक्त राष्ट्रसङ्घ, १६ फागुन
गत हप्ता मालीमा भएको हिंसात्मक आक्रमण र यसमा परी केही व्यक्तिको ज्यान गएको विषयमा संयुक्त राष्ट्रसङ्घीय मिसनले अनुसन्धान गर्ने जनाएको छ । मालीमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनले सो कुराको अनुसन्धान गर्ने जनाएको संयुक्त राष्ट्रसङ्घका एकजना प्रवक्ताले जनाएका छन् ।



ती प्रवक्ताका अनुसार गत हप्ता मालीमा संयुक्त राष्ट्रसङ्घीय मिसनमाथि नै हमला भएको थियो र त्यसमा परेर कम्तीमा पनि १२ जनाले ज्यान गुमाएका थिए । मालीको बान्डियागारा भन्ने स्थानमा यहाँका आतङ्ककारी सशस्त्र समूहले आक्रमण गरी १२ जना सर्वसाधारणको ज्यान लिएको थियो ।ती आतङ्ककारीको खोजी जारी राखिएको भए पनि प्रहरीले भेट्न सकेको छैन । उक्त क्षेत्रको कानी बोन्जोन गाउँमा सर्वसाधारणलाई घेराहालेर हत्या गरिएको भन्दै यस्तो जघन्य अपराधको खोजी अनुसन्धान गर्नुपर्ने संयुक्त राष्ट्रसङ्घले जनाएको छ । संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका प्रमुख प्रवक्ता स्टेफान डुजारिकले सो कुराको जानकारी दिएका हुन । उनले मालीको संयुक्त राष्ट्रसङ्घीय मिसनले यस जघन्य अपराधको अनुसन्धान गर्ने बताएका हुन ।

प्रवक्ता डुजारिकले मालीस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनका प्रमुख एवं संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसका विशेष दूत एल गसिम वानेले यस घटनाका विषयमा मालीका अधिकारीसँग भेटवार्ता गरिसक्नुभएको र यस जघन्य अपराधको अनुसन्धानका लागि आवश्यक पहल पनि थाल्ने बताएका थिए । मालीमा सशस्त्र समूहले हिंसात्मक क्रियाकलापलाई जारी राखेपछि शान्तिवार्ताका माध्यमबाट समस्याको समाधान गर्न संयुक्त राष्ट्रसङ्घले पहल गरेको भए पनि सफल हुन सकेको छैन । यहाँ शान्ति स्थापनाको प्रयासका लागि संयुक्त राष्ट्रसंघीय शान्ति सेना रहेको छ । (रासस/सिन्ह्वा)

# कांग्रेसको कोर्ष करेक्सनले सकारात्मक परिणाम ल्यायो : नेता निधि



एस.के. कर्ण
जनकपुरधाम, १६ फागुन । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले नेपाली कांग्रेसले गरेको कोर्ष करेक्सनले सकारात्मक परिणाम ल्याएको बताएका छन् । मंगलवार जनकपुरधाममा आयोजित नेपाल प्रेस युनियन मधेस प्रदेश कार्यसमितिको पदस्थापन कार्यक्रममा पार्टी पूर्वउपसभापति समेत रहेका निधिले भने आम निर्वाचनपछि एमालेसँगको सहकार्यमा बनेको सरकारपछि कांग्रेस र माओवादीबीच दूरी भएको थियो । कांग्रेसकै सामान्य गलतीको कारण लोकतान्त्रिक शक्तिको रहेको पांच दलीय गठबन्धन भत्किंदा लोकतान्त्रिक जमात शक्तिमा निराशा मात्र होइन कि पश्चाताप समेत भएको थियो । तर त्यो गलतीलाई सच्याउन नेपाली कांग्रेसले माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्रीको रुपमा विश्वासको मत दिएर कोर्ष करेक्सनको शुरुवात गरेको थियो।

पछिल्लो परिवर्तनको प्रमुख राजनीतिक शक्ति नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) केन्द्रबीच दूरी बढ्दा देशले पनि दुःख पाउने भएकाले पुस १० को 'कोर्स करेक्सन' गर्दै राष्ट्रिय सहमतिको राष्ट्रपतिका लागि सबै लोकतान्त्रिक शक्ति एक भएपछि पहिलाभन्दा पनि बढी ८ दलीय गठबन्धनले थप मजबूत बनेको उनले दाबी गरे। कांग्रेसले गरेको कोर्ष करेक्सनले अहिले लोकतान्त्रिक शक्ति मात्र होइन कि जनता पनि उत्साहित भएको उनले बताए । उनले सम्पूर्ण दलको सहमतिमा राष्ट्रपति चयन गर्ने चाहनामा नेकपा एमाले बाधक भए पनि संसद्या रहेका १० दल सहमतिका लागि एक ठाउँमा उभिने विश्वास व्यक्त गरे । आठ दल एक ठाउँमा उभिसकेका छौं, आम जनता पार्टीले राष्ट्रपतिमा समर्थन जनाइसकेको छ । सरकारलाई समर्थन कायमै राखेकाले राष्ट्रिय स्वतन्त्र पार्टी पनि थपिने हाम्रो विश्वास छ', निधिले भने।

संविधान र प्राप्त उपलब्धिको रक्षाका लागि परिवर्तन पक्षधर दलहरूबीचको सहमति अपरिहार्य रहेको बताउँदै उनले प्रधानमन्त्री प्रचण्डले जुनसुकै दिन विश्वासको मत लिन चाहे पनि कुनै समस्या नरहेको बताए। नेता निधीले संचारक्षेत्रलाई राज्यको चौथो अंग भनिएपनि राज्यका तीन अंग कार्यपालिका,न्यायपालिका र व्यवस्थापिका जस्तै चौथो अंगको नाम नरहेको र त्यसका लागि उपयुक्त नाम सम्वाद पालिका राख्नुपर्ने बताए । कार्यक्रममा विभिन्न मिडियाका संचारकर्मीहरुको उपस्थिती रहेको थियो।

# सिर्सिया नदीमा छाई फाल्ने ट्याक्टर नियन्त्रणमा

मधेशदृष्टि
वीरगंज, १६ फागुन।
बीरगंजको मध्यभाग भएर बग्ने सिर्सिया नदीलाई प्रदुषण मुक्त बनाउने अभियानमा जुटेको वीरगंज महानगरपालिकाले सोमवार राती उद्योगबाट निस्केको छाई सिर्सिया नदीमा फाल्ने क्रममा ३ वटा ट्याक्टर सहित चालकलाई नियन्त्रणमा लिएको छ।



वीरगञ्जको वडा नम्वर २१ मा सिर्सिया नदीमा छाई फाल्ने क्रममा प्र २-०३-००१ त ४८७, ना १८ त ६८८९ र ना ७ त ५३८९ ट्याक्टरलाई नियन्त्रणमा लिएको बीरगंज महानगरपालिकाका नगर प्रहरी प्रमुख हरि भुषालले जानकारी दिएका छन्।

सोमवार राती नियन्त्रणमा लिइएका ट्याक्टर र चालकलाई मंगलवार पहिलो पटक चेतावनी स्वरुप जनही १/१ हजार रुपैया जरिबाना गरी छाडिएको छ । महानगरपालिकाले सिर्सिया नदी प्रदुषण नियन्त्रण अभियान चलाईरहेको अवस्थामा नदी प्रदुषण गर्नेलाई कारबाही गर्ने रणनीति अनुसार नदीमा उद्योगको छाई फाल्नेलाई कारवाही गरिएको हो।

नदी प्रदुषण नियन्त्रणका लागि महानगरले समिति नै बनाएर अनुगमनलाई समेत तिब्रता दिएको छ। नदी तटमा रहेका उद्योगहरुले त्यहाँबाट निस्कने फोहोर जथाभावी फाल्दा सिर्सिया नदी प्रदुषित हुने गरेको छ। बीरगंज महानगरपालिकाले बीरगंज पथलैया औद्योगिक कोरिडोरमा पर्ने छाला उद्योग सहित विभिन्न उद्योगहरुले औद्योगिक रसायन सहितको प्रदुषित पानी सिर्सिया नदीमा मिसाएको भेटिएपछि ति उद्योगलाई समेत कारवाही प्रक्रिया अगाडी बढाएको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए।

# वीरगंज बजार क्षेत्रको सडक मुद्दाको पेशी सऱ्यो

मधेशदृष्टि
वीरगंज, १६ फागुन।
वीरगञ्ज बजार क्षेत्रको मेनरोड फराकिलो बनाउने सडक विभागको अभियान विरुद्ध सर्वोच्च अदालतमा विचाराधिन मुद्दाको पेशी सरेको छ।

सडक विभागले वीरगंजको मुख्य बजार क्षेत्र अन्तरगत मेनरोडको दायाँबायाँ २५/२५ मिटर क्षेत्रको सडक अतिक्रमण हटाउने अभियान संचालन गर्न लागेपछि सो विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भएको थियो। सर्वोच्चमा दायर भएको मुद्दा सोमबार पेशीमा चढेपनि समय अभावको कारण देखाउदै सर्वोच्च अदालतले सो मुद्दाको पेशी पुनः जेठ ३१ गतेलाई सरेपछि सडक विस्तार गर्नु पर्छ भन्ने मान्यता लिएका नगरवासीमा निरासा छाएको छ।



पछिल्लो तीन वर्षदेखि वीरगञ्जको मेनरोड अतिक्रमण सडक विभागले हटाउने सूचना जारी गरेसँगै मेनरोडका सडक अतिक्रमण गर्नेहरुले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए।

सडक विभागले विगत तीस वर्षदेखि वीरगञ्जको मेनरोडको अतिक्रमण हटाउने भनेर सूचना जारी गर्दै आएको भएपनि अहिले सम्म नहटाउदा वीरगंज बजारको मेनरोड खण्डहरजस्तै बनेको छ । सडक विस्तार हुने र घर भत्कने आशंकामा घरधनीहरुले घरको मर्मत सम्भार तथा रंगरोगन समेत गर्न छाडेपछि घण्टाघर देखि छपकैया सम्मको बजार क्षेत्रको मेनरोडका घरहरु पुराना र खण्डहर बनेको बीरगंज महानगरपालिकाका प्राविधिक सल्लाहकार इन्जिनियर प्रकाश अमात्यले बताए।

मेनरोड फराकिलो बनाउने विरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दाको कैयौंपटक अदालतको पेसी सूचीमा चढे पनि समय अभाव भन्दै पेसी सर्दै आएको छ।

सोमबारको पेसी फेरि तीन महीनाको लागि सरेको र यो समेत गरी पछिल्लो तीन वर्षमा १७ चोटि पेसी सर्दै आएको बीरगंज महानगरपालिकाले जनाएको छ।

बीरगंज महानगरपालिका मेनरोडलाई फराकिलो बनाउने अभियानमा लागेको भए पनि सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेको कारण अदालतको आदेश कुरेर बसेको नगर प्रमुख सिंहले बताए।

# लघुवित संस्था खारेजको माग गर्दै सिमरामा प्रदर्शन

मधेशदृष्टि
बारा, १६ फागुन। लघुबित्तीय संस्था खारेज गर्नुपर्ने माग राख्दै बाराको सिमरा प्रदर्शन गरिएको छ।




लघुबित्तीय संस्था बिरुद्धको संघर्ष समिती बाराले लघुबित्तीय संस्थाको ज्यादतीको बिरोध गर्दै खारेजीको माग गरेका हुन्।

बिभिन्न लघुबित्तिय संस्थामा बसेका बाराका महिलाहरु हातमा प्लेकार्ड र ब्यानर बोकि जीतपुर देखि सिमरासम्म नारा लगाउँदै रयाली निकालेका थिए।

उनीहरुले घरमा पैसा मग्ने आउँने लघुबित्तीय संस्थाका प्रतिनिधिहरु अपशब्द प्रयोग गर्ने ,घरका गाईबस्तुहरु खोलेर लैजाने ,बईज्जत गर्ने ,जम्मा गरेको बचत फिर्ता नगर्ने लगायतको आरोप लगाएका छन्।

यसअघि बारामा लघुवित्तिय संस्थाहरुले समुह बनाएर उपलब्ध गराएको ऋण तिर्न नसकेपछि वारा गंजभवानीपुरका एक दर्जन भन्दा बढी दलित समुदायका व्यक्तिहरु घर छोडेर विस्थापित भएका थिए।

गरिब, असहाय, परिवारका व्यक्तिहरुले सहकारी तथा विभिन्न लघुवित्तिय संस्थाबाट घरको खर्च धान्न अप्ठयारो भएपछि लिएको ऋण तिर्न नसक्दा घर छोडेर करीब दुई/तीन वर्ष अघि विस्थापित भएको थियो।

# चुरे अभियानीको धर्नामा राष्ट्रिय एकता अभियानको समर्थन




मधेशदृष्टि
जनकपुरधाम, १६ फागुन । चुरे तथा वन जङ्गल संरक्षण अभियानीहरूको धर्नामा राष्ट्रिय एकता अभियानका संयोजक विनय यादवले समर्थन जनाएका छन् । जनकपुरधामस्थित जनकचोकमा ५ सुत्रिय माग राख्दै विगत ६ दिनदेखि धर्नामा बसेका अभियानीहरूलाई मंगलबार धर्नास्थलमै पुगेर उनले समर्थन जनाएको छ । धर्नास्थलमा पुगेका यादवले हरेक नेपाली नागरिकलाई संविधानमा व्यवस्था भए अनुसार मौलिक हक उपभोग गर्न पाउने अधिकार रहेको बताए।

उनले भूमिहीन नागरिकलाई भूमि उपलब्ध गराउनु तिनवटै तहको सरकारको दायित्व रहेको बताउँदै नेताहरूले सुकुम्वासीको नाममा बालुवाटारको जग्गा मिचेपनि यथार्थ सुकुम्वासीलाई जग्गा उपलब्ध नगराउनु लाजको विषय रहेको जिकिर गरे । यादवले भूमिहिनसँग राज्यले विभेद गरिरहेकोले आगामी दिनमा भिषण आन्दोलन गर्ने चेतावनी समेत दिए।

चुरे तथा वन जङ्गल संरक्षण अभियानीहरू विभिन्न ५ सुत्रिय माग राख्दै विगत ६ दिनदेखि अनिश्चितकालिन धर्नामा बसेका छन् । जनकपुरधामको जनक चोकमा सुकुम्बासीहरूको एक समुहले विभिन्न माग राख्दै ६ दिनदेखि अनिश्चितकालिन धर्नामा बसेका छन्।

अभियानीहरूले विगतमा तीनवटै तहका सरकारहरू आफूहरूको मुद्दाप्रति गम्भीर नभएकाले फागुन ११ गते बिहीबारदेखि बाध्य भएर 'जनआवाज आन्दोलन' थालेको चुरे तथा वन जङ्गल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले बताए।

संयोजक यादवले धर्नाअघि ध्यानाकर्षणसहित मुख्यमन्त्री कार्यालय हुँदै जिल्ला प्रशासन कार्यालय धनुषा अगाडी प्रदर्शनसमेत गरेका थिए । आन्दोलनकारीहरूले पाँच दिनदेखि धर्नास्थलमै खाना पकाउने, त्यहि ठाउँमा खाने र धर्ना बसिरहेका छन् ।संयोजक यादवले चुरे तथा वन जङ्गल संरक्षण अभियान र मधेस प्रदेश सरकारबिच भएको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न पहल गर्नुपर्ने, अवैध क्रसर उद्योगहरूको गतिविधि उपर तत्काल रोक लगाउन र दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणा गर्नुपर्ने माग राखेका छन्।

यादवले अहिलेसम्म धर्नास्थलमा तिनवटै सरकारका कुनैपनि प्रतिनिधि नआएको र आफूहरू जनकपुरधाममा धर्नामा बसेपनि उपमहानगरले हेर्नसम्म नआएकोप्रति दुःख व्यक्त गरे । भूमिहीन तथा सुकुम्वासीको आवासको हक मौलिक हकको रूपमा धारा ३७ मा व्यवस्था भएकोले राज्यले गम्भीरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने आफूहरूको माग राखेर धर्नामा छन्। संयोजक यादवले वैदेशिक रोजगार सम्बन्धी समस्या समाधान गर्नका लागि संविधानको धारा ३३ मा व्यवस्था भए अनुसार सुरक्षित तथा योग्यता अनुसार सुनिश्चित रोजगारीको व्यवस्था मिलाउनुपर्ने र स्थानीय तहको निर्वाचन गैरदलीय प्रतिस्पर्धा अन्तर्गत व्यवस्था मिलाउँदै दलितको लागि राजनीतिक आरक्षण सुनिश्चित गर्न पालिका प्रमुखहरू चक्रीय प्रणालीमा व्यवस्था गर्नका लागि संघ सरकार निर्वाचन कानुन परिमार्जन गरी कार्यान्वयनको माग गर्दै आएका छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल